# संघीय संसद
# राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समितिको
## बार्षिक प्रतिवेदन, २०७७




**संघीय संसद सचिवालय**

**सिंहदरवार, काठमाडौं**

**फोन नं : ०१-४२००३७१**

**URL:http://www.parliament.gov.np**

**Email:nationalconcern@parliament.gov.np**

# राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

## माननीय सदस्यहरुको नामावली

**सभापति**

**मा. दिल कुमारी रावल थापा (पार्वती)**

**<u>सदस्यहरु</u>**

| | |
|---|---|
| १. मा. अनिता देवकोटा | २. मा. इन्दिरा देवी गौतम |
| ३. मा. इन्दु कडरीया | ४. मा. उदया शर्मा/पौडेल |
| ५. मा. कोमल वली | ६. मा. खिम लाल भट्टराई |
| ७. मा. गोपी बहादुर सार्की आछामी | ८. मा. दिपा गुरुङ |
| ९. मा. नारायणकाजी श्रेष्ठ | १०. मा. रामचन्द्र राई |
| ११.मा. राम लखन चमार | १२. मा. शेखर कुमार सिंह |
| १३.मा. सुमनराज प्याकुरेल | |

# मन्तव्य

लोकतान्त्रिक व्यवस्थामा जनतालाई राज्य शक्तिका स्रोतको रुपमा लिइन्छ । जनताद्धारा निर्वाचित जनप्रतिनिधिमूलक वैधानिक संस्था नै संसद हो । संवैधानीक सर्वोच्चता, कानुनी शासन, शक्ति पृथकीकरणको सिद्धान्त लोकतान्त्रिक मूल्य र मान्यता अनुसार नै कानून निर्माणको महत्वपूर्ण काम संसदबाट हुने गर्दछ । राज्यमा तीन अगंहरुमध्ये संसद अर्थात विधायिकामा कानून निर्माण र सरकार गठनको थलो हुने हुँदा सरकार संसदप्रति पूर्ण रुपमा उत्तरदायि रहन्छ । नागरिकमा निहीत राज्य शक्तिको प्रयोग जनप्रतिनिधिहरुको संस्था संसद (विधायिका) मार्फत् नै हुन्छ । नेपालको संविधानको धारा ८३ मा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिने व्यवस्था छ ।

संसदको अधिवेशन आवधिक रुपमा मात्र हुन्छ तर कार्यबोझ अत्याधिक हुन्छ । ठूलो संख्या र समयको सिमितता तथा संसदको औपचारिक कार्य प्रकृतिको कारण हरेक विषयमा सभामा नै गहन छलफल गर्न सम्भव हुदैन । संसद अधिवेशन नचलेको अवस्थामा पनि सरकारका विभिन्न निकायको कामकारवाहीको निरन्तर निगरानी गर्न, विषयहरुमा गहन छलफल गर्न, महत्वर्ण विषयमा विज्ञहरुको राय-सुझाव प्राप्त गर्न, संसद्का नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर रुपमा अगाडि बढाउन Mini Parliament को रुपमा संसद अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन हुन्छन् । नेपालको संविधानको धारा ९७ (१) मा प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानून बमोजिम समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ भने राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) मा सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायि र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन राष्ट्रिय सभा अन्तर्गत चारवटा विषयगत समितिहरु रहने व्यवस्था गरेको छ ।

राष्ट्रिय सभामा रहेका चार विषयगत समिति मध्ये राष्ट्रिय सरोकार तथा समन्वय समिति निकै महत्वपूर्ण समिति हो । राष्ट्रिय सभा नियमावलीले राष्ट्रिय सरोकारका विषयहरु समेटिएको महत्वपूर्ण कार्यक्षेत्र तथा संघीय संरचना अन्तर्गतका तीनै तहका तहगत राज्य संरचनाको विकासमा समन्वय गर्ने, राष्ट्रिय सम्पदा, मानवअधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि-सम्झौताको कार्यान्वयनको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोग यस समितिको कार्यक्षेत्रमा समेटेको छ । राष्ट्रिय सभा नियमावलीले दिएको कार्यक्षत्रको आधारमा सरकारका काम कारवाही माथि निगरानी, अनुगमन, मूल्यांकन तथा निर्देशन गर्ने मुख्य जिम्मेवारी समितिको हो ।

राष्ट्रिय सभाले विषयगत समितिहरु गठन गरे पश्चात् २०७५ साउन २२ गते पहिलो बैठक बसेको यस समितिको आ.व. २०७५/०७६ को अन्त्यसम्म भएका बैठक, स्थलगत अध्ययन भ्रमण तथा सरोकारवालाहरुसँग अन्तरक्रिया, अभिमूखिकरण कार्यक्रम लगायत सो अवधिका सम्पूर्ण काम कारबाहीका विवरण समितिको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदनमा संलग्न गरी सभामा पेश गरिसकेको थियो । आ.व २०७६/०७७ मा समितिका बैठक, समिति अन्तर्गत गठित पशुपति क्षेत्र

विकास कोष अध्ययन उपसमितिका बैठक, समिति तथा उपसमितिका बैठकमा भएका छलफल तथा निर्णयहरु र सो को कार्यान्व्यनको अवस्था, स्थलगत अध्ययन भ्रमण तथा सरोकारवालाहरुसँग अन्तरक्रिया, अभिमूखिकरण कार्यक्रमहरु लगायत समितिका अन्य काम कारबाहीहरु र सो अवधिमा समितिले हासिल गरेका अनुभवहरु समेत समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिको दोस्रो वार्षिक प्रतिवेदनको रुपमा यो प्रतिवेदन तयार पारिएको छ ।

समितिले आम नागरिकको  चासोको रुपमा रहेका महत्वपूर्ण समसामयिक विषयहरु Millenium Challange Compact(MCC), बुढिगण्डकी जलविद्युत आयोजना, मेलम्ची खानेपानी आयोजना, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, तिन तहका सरकार विच स्रोत बाँडफाँड लगायतका विषयमा छलफल गरिएको थियो । पशुपति क्षेत्र लगायत देशभरका मठमन्दिर गुम्बा आदीको नाममा रहेका गुठीहरुको जग्गा र सो को भोग चलनको अवस्था, राष्ट्रिय गौरवका आयोजनाका प्रगति विवरण लगायतका विवरणहरु माग गरिएको थियो ।

राष्ट्रिय गौरवका आयोजनका सम्बन्धमा छलफल भई आयोजना सञ्चालनको क्रममा नितिगत तथा प्राविधिक पक्षमा देखिएका समस्याहरु तत्काल समाधान गरि आयोजनाहरुलाई निर्वाध ढङ्गले सञ्चालन हुने वातावरण सिर्जना गर्न राष्ट्रिय गौरवका आयोजना सम्बन्धी उच्चस्तरीय निर्देशक समिति गठन गर्न, समन्वयत्मक ढङ्गले आयोजना सञ्चालन गर्न र आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न निर्देशन दिईएको थियो ।

राष्ट्रिय सम्पदाहरुको पुन निर्माणको अवस्था लगायत राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको कामकारबाहीको अवस्था बारे राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका पदाधिकारीहरुसंग छलफल गरी पुनःनिर्माण सम्बन्धी बाँकी कार्य निर्धारित समयसिमा भित्रै निर्धारित मापदण्ड बमोजिम गुणस्तरीय ढगंले सम्पन्न गर्न र प्राप्त गुनासो नियमानुसार अविलम्ब सम्बोधन गर्न निर्देशन दिईएको थियो ।

पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरि  पिछडिएको क्षेत्र विकास गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउन, कर्णाली क्षेत्रका समग्र भाषा, कला, संस्कृति, रीतिरिवाजको अध्ययन, संरक्षण र विकासको लागि एक अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्न, कर्णाली क्षेत्रमा रहेका सम्पदाहरुको संरक्षण गरी पर्यटकीय क्षेत्रको विकास गर्न, यस क्षेत्रका रैथाने तथा स्थानिय वाली, विउविजन, फलफुल, जडिबुटि, खनिज आदिको संरक्षण, प्रशोधन, व्यवसायिकरण र बजारीकरण गर्न साथै अर्गानीक प्रदेशको रुपमा कर्णाली प्रदेशलाई स्थापित गर्न निर्देशन दिईएको थियो ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको रोकथाम र नियन्त्रणका लागी तहगत सरकारहरुबिच आवश्यक समन्वय गर्न, स्वास्थ्य सुरक्षा सामाग्रीको पर्याप्त उपलब्धता, कोरोना परीक्षण, दिर्घ रोगीहरुको नियमित उपचारको सुनिश्चीतता, राहात सामाग्री एकद्वार प्रणलीवाट वितरण तथा विशेष राहात कार्यक्रम ल्याउने व्यवस्था मिलाउन, स्थानीय तहलाई संक्रमणको अवस्था, स्थानीय श्रोत साधनको अवस्था, भौगोलिक विकटता  र संख्यालाई आधारमानी आवश्यकता विश्लेषण गरि थप

बजेट विनियोजन गर्न नेपाल सरकार र नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिलाई निर्देशन दिईएको थियो ।

भारत लगायत विभिन्न मुलुकमा रहेका नेपालीको स्वास्थ्य सुरक्षा र आवश्यकता अनुसार राहात सामाग्री उपलब्ध गराउन, नेपाल फर्कन चाहाने संकट व्यहोरिरहेका नेपाली नागरिकहरुलाई प्राथमिकताका आधारमा स्वास्थ्य सुरक्षा सुनिश्चित हुने गरि अविलम्व  नेपाल ल्याउने व्यवस्था मिलाउन, कृषि क्षेत्र लक्षीत विशेष योजनाहरु ल्याउन साथै नेपाल सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नेपालको अतिक्रमित भुमि प्राप्त गर्न कुटनितिक संवाद मार्फत् नेपालको भुमि प्राप्त गर्न राष्ट्रिय सहमतिका साथ ठोस पहल कदमी अगाडी बढाउन नेपाल सरकार परराष्ट्र मन्त्रालयलाइ निर्देशन दिईएको थियो ।

समितिले आफ्नो कार्यक्षेत्रभित्रका संसदीय निगरानी, समावेशी विकास र सम्बृद्ध नेपाल, समावेशी प्रतिनिधित्व, सवल र सक्षम महिला नेतृत्व, राष्ट्रिय सरोकार तथा समन्वय समितिको सशक्तिकरण  विषयमा अभिमुखीकरण कार्मक्रमहरु सम्पन्न गरेको थियो ।

अन्त्यमा, समितिको कार्य तथा कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न मार्गदर्शन गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू र माननीय उपाध्यक्षज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु । समितिको काम कारवाहीमा सहयोग गर्नुहुने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, समितिका माननीय सदस्यज्यूहरु, मन्त्रालयका सचिव, विभिन्न आयोगहरु, विभागहरु तथा अन्य निकायका पदाधिकारीहरु, समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, राजनैतिक  दलका प्रतिनिधिहरु, समितिको कार्यलाई प्रत्यक्ष र परोक्ष रुपमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने विज्ञहरु, विभिन्न विषयका सरोकारवाला पक्षहरु, संचार माध्यमका पत्रकारहरु, समितिका सचिव र समितिमा कार्यरत कर्मचारीहरु लगायत यस समितिमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**(दिलकुमारी रावल थापा 'पार्वती')**
**सभापति**

***असार, २०७८***

# विषयसूची


मन्तव्य III

परिच्छेद - १: समितिको परिचय १

१.१ पृष्ठभूमि १

१.२ समितिको गठन २

१.३ समितिको कार्यक्षेत्र ३

१.४ काम कर्तव्य र अधिकार ४

१.५ समितिका कामकारवाहि सम्बन्धि अन्य व्यवस्था ४

परिच्छेद - २ : समितिको वार्षिक काम कारबाहीको विवरण ७

२.१ कार्यक्षेत्रभित्रका विषयमा सम्बन्धित निकायहरुसँग छलफल, सुझाव तथा निर्देशनहरु ७

२.२ पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम १२

२.३ पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमिति, २०७६ ले गरेका काम कारबाहीहरु १४

२.४ विवरण तथा जानकारी माग १५

२.५ अभिमुखीकरण कार्यक्रमहरु १५

२.६. अन्य गतिविधिहरु १६

२.७ समितिका महत्वपूर्ण निर्देशन तथा सूझावहरुको कार्यान्वयनको अवस्था १७

परिच्छेद - ३ : उपलब्धीहरु २२

परिच्छेद - ४ : समस्या तथा सुझाव २३

४.१ समस्याहरु २३

४.१.२ स्रोत साधन तथा भौतिक पक्षमा देखिएका समस्याहरु २३

४.१.३ बैठक व्यवस्थापन लगायत अन्य विविध विषयमा देखिएका समस्याहरु २३

४.२ सुझावहरु २४

अनुसूची : १ २५

समितिका माननीय सदस्यहरुको विवरण २५

अनुसूची : २ २६

समिति सचिवालयमा कार्यरत कर्मचारीहरु २६

अनुसूची - ३ : समितिको बैठकका निर्णयहरु २७

अनुसूची -४: उपस्थिति विवरण ३२

अनुसूची -५: समितिका कामकारवाही सम्बन्धी केहि झलकहरु ३५

# परिच्छेद - १: समितिको परिचय

## १.१ पृष्ठभूमि

शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका तीन अंगहरुमध्ये विधायिकी अंग अर्थात् संसद कानून निर्माण, नागरिकको प्रतिनिधित्व एवं सरकारका नियमित एवं आकस्मिक काम कारबाहीमाथि नियन्त्रण र निरन्तर निगरानी गर्ने निकाय हो । लोकतान्त्रिक राज्यमा राज्यशक्तिको स्रोतको रुपमा रहेका नागरिकमा निहित राज्यशक्तिको प्रयोग एवं अभ्यास निर्वाचित जनप्रतिनिधिहरुको संस्था विधायिका मार्फत् गरिन्छ । संसदीय शासन व्यवस्थामा सरकारको गठन समेत विधायिकाबाटै हुन्छ । संविधानवादको सिद्धान्त बमोजिम हरेक संविधानमा संसदको प्रारुप, संरचना, शक्ति पृथकीकरण, सन्तुलत र नियन्त्रण सम्बन्धी व्यवस्था र संसदको विशेष अधिकार बारे स्पष्ट व्यवस्था रहेको हुन्छ । नेपालको संविधानमा पनि संघीय व्यवस्थापिका अन्तर्गत संविधानको धारा ८३ मा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक व्यवस्थापिका हुने जसलाई संघीय संसद भनिने व्यवस्था रहेको छ ।

औपचारिक प्रकृतिको संसदको कार्यपद्धती, आवधिक रुपमा हुने संसद अधिवेशन, संसदको कार्यबोझ एवं समयको सीमितता जस्ता कुराहरुलाई मध्यनजर राखी संसद अधिवेशन नचलेको अवस्थामा समेत सरकारका विभिन्न निकायको काम कारबाहीको निरन्तर निगरानी गर्न, विषयहरुमा गहन छलफल गर्न, महत्वपूर्ण विषयहरुमा विज्ञहरुको समेत राय तथा सुझाव प्राप्त गर्न, संसदका नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर रुपमा अगाडि बढाउन mini parliament वा workshop of parliament को रुपमा संसद अन्तर्गत विभिन्न समितिहरु गठन हुन्छन् । नेपालको संविधानको धारा ९७(१) मा प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानून बमोजिम समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ भने राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) मा सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन राष्ट्रिय सभा अन्तर्गत चार विषयगत समितिको व्यवस्था रहेको छ ।

राष्ट्रिय सभा अन्तर्गतका चार विषयगत समितिहरु मध्ये राष्ट्रिय सरोकार तथा समन्वय समितिलाइ एक महत्वपूर्ण समितिको रुपमा स्वीकार गरी नियमावलीले राष्ट्रिय सरोकारका विषयहरु समेटिएको महत्वपूर्ण कार्यक्षेत्र र संघीय संरचना अन्तर्गतका तीनै तहका तहगत संरचनाहरुबीच समन्वय गर्ने विशेष जिम्मेवारी प्रदान गरेको छ । सरकारका नियमित तथा आकस्मिक काम कारबाहीको निगरानी, अनुगमन, सुझाव तथा निर्देशनका साथै सरकारका प्रतिबद्धता र उपरोक्त प्रतिबद्धताहरुको कार्यान्वयनको अवस्था समेत अध्ययन गरी आवश्यक निर्देशन दिनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबीच आवश्यक समन्वय एवं सहयोगात्मक ढङ्गले अगाडी बढ्ने वातावरण सिर्जना गर्दै संघीयता कार्यान्वयन एवं संस्थागत विकासमा टेवा पुर्‍याउने दिशामा समिति निरन्तर क्रियाशील रहँदै आएको छ ।

राष्ट्रिय सभाले विषयगत समितिहरु गठन गरे पश्चात् २०७५ साउन २२ गते पहिलो बैठक बसेको यस समितिको आ.व. २०७५/०७६ को अन्त्यसम्म भएका बैठक, समिति अन्तर्गत गठित कार्यविधि मस्यौदा उपसमितिको बैठक, समितिको तर्फबाट स्थलगत अध्ययन भ्रमण तथा सरोकारवालाहरुसँग अन्तरक्रिया, ७ वटै प्रदेशमा प्रादेशिक अन्तरक्रिया र समितिमा माननीय सदस्यहरुका लागि अभिमूखिकरण कार्यक्रम लगायत सो अवधिका सम्पूर्ण काम कारबाहीको विवरण समितिको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन समितिबाट पारित भई राष्ट्रिय सभा नियमावलीको प्रावधान बमोजिम सभामा पेश भएको थियो । आ. व. २०७६/०७७ मा समितिका बैठक, समिति अन्तर्गत गठित पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमितिका बैठक, समिति तथा उपसमितिका बैठकमा भएका छलफल तथा निर्णयहरु र सो को कार्यान्व्यनको अवस्था, स्थलगत अध्ययन भ्रमण तथा सरोकारवालाहरुसँग अन्तरक्रिया, अभिमूखिकरण कार्यक्रमहरु लगायत समितिका अन्य काम कारबाहीहरु र सो अवधिमा समितिले हासिल गरेका अनुभवहरु समेत समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिको दोस्रो वार्षिक प्रतिवेदनको रुपमा यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२ समितिको गठन

सम्वत् २०७५ साल साउन १७ गते बसेको राष्ट्रिय सभाको बैठकबाट राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) बमोजिमको यस समितिमा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य सङ्ख्या, सदस्यको व्यक्तिगत रुचि एवं ज्ञान र महिला, दलित, आदिवासी जनजाती, खस-आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वलाई ध्यानमा राखी अध्यक्षले राष्ट्रिय सभाको सहमति लिई बढीमा पन्ध्रजना सदस्यहरू मनोनयन गर्ने नियमावलीको नियम १४९ को उपनियम (१) र (२) को प्रावधान बमोजिम देहाय बमोजिमका १४ जना माननीय सदस्यहरु रहने गरी राष्ट्रिय सरोकार तथा समन्वय समितिको गठन गरेको थियो ।

| | |
|---|---|
| १. मा. कोमल वली | २. मा. खिम लाल भट्टराई |
| ३. मा. खेमराज नेपाली | ५. मा. जीवन बुढा |
| ६. मा. तारादेवी भट्ट | ७. मा. दिपा गुरुङ |
| ७. मा दिल कुमारी रावल थापा (पार्वती) | ८. मा. धन कुमारी खतिवडा |
| ९. मा. प्रकाश पन्थ | १०. मा. रमेश प्रसाद यादव |
| ११. मा राज कुमार कुवर | १२. मा. रामचन्द्र राई |
| १३. मा. रामपृत पासवान | १४. मा. सुरेन्द्र राज पाण्डे |

संवत् २०७५ साल भदौ १३ गते समितिका जेष्ठ सदस्य मा. तारादेवी भट्टको सभापतित्वमा बसेको बैठकले समितिका मा. सदस्य दिल कुमारी रावल थापा (पार्वती) लाई सर्वसम्मतीले यस समितिको सभापतिको पदमा निर्वाचित गरेको थियो ।

संवैधानिक व्यवस्था बमोजिम २०७६ साल फागुन २१ गते राष्ट्रिय सभाका एक तिहाई सदस्यको कार्यकाल समाप्त भई सो स्थानमा नयाँ सदस्यहरु निर्वाचित भई आए पश्चात् सम्वत् २०७६

साल चैत २ गते बसेको राष्ट्रिय सभाको बैठकबाट यस समितिमा देहायका १३ जना माननीय सदस्यहरु रहनु भएको थियो :-

| | |
|---|---|
| **१. मा. दिल कुमारी रावल थापा (पार्वती) - सभापति** | २. मा. अनिता देवकोटा |
| ३. मा. इन्दिरा देवी गौतम | ४. मा. इन्दु कडरीया |
| ५. मा. कोमल वली | ६. मा. खिम लाल भट्टराई |
| ७. मा. गोपी बहादुर सार्की आछामी | ८. मा. जिवन बुढा |
| ९. मा. दिपा गुरुङ | १०. मा. नारायणकाजी श्रेष्ठ |
| ११. मा. रामचन्द्र राई | १२. मा. शेखर कुमार सिंह |
| १३. मा. सुमनराज प्याकुरेल | |

मिति २०७७ साउन १७ गते राष्ट्रिय सभाका विषयगत समितिहरुको दुईवर्षे कार्यकाल समाप्त भए पश्चात् संसदको अधिवेशन चालु नरहेको अवस्थामा मिति २०७७ साल साउन १७ गते सम्माननीय अध्यक्षज्यूले जारी गर्नुभएको गठन आदेश बमोजिम हाल यस समितिमा देहाय बमोजिमका चौधजना माननीय सदस्यहरु रहनुभएको छः-

| | |
|---|---|
| १. मा. दिल कुमारी रावल थापा(पार्वती) **सभापति** | २. मा. अनिता देवकोटा |
| ३. मा. इन्दिरा देवी गौतम | ४. मा. इन्दु कडरीया |
| ५. मा. उदया शर्मा/पौडेल | ६. मा. कोमल वली |
| ७. मा. खिम लाल भट्टराई | ८. मा. गोपी बहादुर सार्की आछामी |
| ९. मा. दिपा गुरुङ | १०. मा. नारायणकाजी श्रेष्ठ |
| ११. मा. रामचन्द्र राई | १२. मा. राम लखन चमार |
| १३. मा. शेखर कुमार सिंह | १४. मा. सुमनराज प्याकुरेल |

समितिमा मिति २०७७।०४।२३ गते बसेको ७० औं बैठकले यस समितिका सदस्य मा. **दिल कुमारी रावल थापा (पार्वती)** लाई नै दोस्रो कार्यकालको लागि समितिको सभापतिको रुपमा सर्वसम्मत रुपमा निर्वाचित गरेको थियो ।

## १.३ समितिको कार्यक्षेत्र

राष्ट्रिय सभा नियमावलीको नियम १४७ को उपनियम (१) बमोजिम समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः-

- तहगत राज्य संरचनाको विकासमा समन्वय,
- राष्ट्रिय सम्पदा,
- मानव अधिकार तथा परराष्ट्र सम्बन्ध,
- सन्धि सम्झौताको कार्यान्वयनको अवस्था,
- समन्यायिक विकासको अवस्था,
- पिछडिएको क्षेत्र, समुदाय, संस्कृति,

- राष्ट्रिय गौरवका आयोजना,
- राष्ट्रिय सुरक्षा र
- संवैधानिक आयोग सम्बन्धि विषय

साथै नियमावलीको नियम १४८ मा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षले समय-समयमा तोकेका विषयहरु समेत यस समितिको कार्यक्षेत्रमा पर्ने प्रावधान रहेको छ ।

## १.४ काम कर्तव्य र अधिकार

राष्ट्रिय सभा नियमावली, २०७५ तथा राष्ट्रिय सरोकार तथा समन्वय समितिको कार्यविधि, २०७५ बमोजिम यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

- सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन आफ्नो क्षेत्राधिकारभित्रका विषयमा सरकारबाट भए, गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने,
- नियमावलीको नियम १५५ बमोजिम आफ्नो कामको निमित्त कुनै कागजात झिकाउने तथा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई समिति समक्ष उपस्थित गराउने,
- कार्यसम्पादनको सिलसिलामालामा नियमावलीको नियम १४७ को उपनियम (३) बमोजिम अध्यक्षको पूर्वस्वीकृति लिई कुनै स्थानको स्थलगत अनुगमन वा अध्ययन भ्रमण गर्ने,
- आफ्नो कामकारवाही सम्पादनको क्रममा राष्ट्रिय सरोकारको कुनै विषयमा वा समितिको क्षेत्राधिकारभित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि संघ, प्रदेश वा स्थानीय तहमा समेत संसदीय सार्वजनिक सुनुवाइ गर्ने र सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- नेपालको संविधान तथा राष्ट्रिय सभा नियमावलीले तोके बमोजिम अन्य काम गर्ने ।

## १.५ समितिका कामकारवाहि सम्बन्धि अन्य व्यवस्था

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकता अनुसार बोलाउन सक्ने तर समितिको बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन उपयुक्त छ भनी समितिका एक तिहाई सदस्यले छलफल गर्नुपर्ने विषय सहित सभापति समक्ष लिखित अनुरोध गरेमा पाँच दिनभित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नु पर्दछ । सभापतिले समितिको बैठकको सभापतित्व गर्ने र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्य मध्ये ज्येष्ठ सदस्यले सभापतित्व गर्नुपर्ने व्यवस्था छ । समिति वा उपसमितिको बैठक परिसरभन्दा बाहिर बस्नु परेमा सभापतिले अध्यक्षको लिखित अनुमति प्राप्त गर्नु पर्दछ । समितिले आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्य मध्येबाट उपसमिति गठन गर्न सक्ने र उपसमिति गठन गर्दा उपसमितिले गर्नु पर्ने काम र सो काम सम्पन्न हुनु पर्ने अवधि समेत किटान गर्नु पर्ने व्यवस्था रहेको छ ।

समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढङ्गले सञ्चालन गर्ने सन्दर्भमा आवश्यक निर्देशिका, कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्दछ । समितिले अनुगमन तथा अध्ययन भ्रमण सम्पन्न भए पछि सो सम्बन्धी प्रतिवेदन एक हप्ताभित्र पेश गर्नुपर्दछ ।

कुनै सदस्य आवश्यकता अनुसार आफू सदस्य नभएको समितिको बैठकमा सहभागी भई छलफलमा भाग लिन चाहेमा सम्वन्धित सभापति वा समिति सचिवालयलाई जानकारी गराई उपस्थित हुन सकिने तर त्यस्ता सदस्यलाई उक्त समितिमा मतदानको अधिकार नहुने व्यवस्था छ ।

समितिमा कुनै विषयमाथि छलफल हुँदा सो विषयको प्रकृति हेरी सम्बन्धित मन्त्रीले आवश्यक देखेमा सो विषयका सम्बन्धमा स्पष्ट जानकारी दिन नेपाल सरकारको सम्बन्धित अधिकारी वा विशेषज्ञलाई सभापतिको अनुमति लिई समितिमा लिएर जान सक्ने साथै समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समूहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्ने व्यवस्था छ ।

समितिले आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्दछ । तर त्यस्तो कागजपत्र पेश गर्दा राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितको प्रतिकूल हुन जान्छ भन्ने लागेमा मन्त्रीले त्यसको कारण खुलाई सम्बन्धित समितिलाई जानकारी दिनु पर्दछ । यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुन्छ । उपस्थित गराइएको व्यक्ति वा सरकारी पदाधिकारीलाई समितिले आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्दछ ।

समितिको गणपूरक सङ्ख्या समितिको सम्पूर्ण सदस्य सङ्ख्याको एक तिहाई हुने, समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सभापतिले अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्ने, यसैगरी समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित गर्नु परेमा सभापतिले त्यसको जानकारी अध्यक्षलाई दिनु पर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित समितिका सदस्यको बहुमतको निर्णय समितिको निर्णय मानिन्छ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनुपर्दछ । समितिको बैठकको निर्णय सभापति र समिति सचिवबाट प्रमाणित गर्नुपर्दछ ।

समितिबाट पारित जुनसुकै प्रतिवेदन सभापतिले वा निजले तोकेको समितिको सदस्यले सभाको अधिवेशन चलिरहेको अवस्थामा सभामा दश दिनभित्र पेश गर्नु पर्ने, सो अवधीभित्र सभापतिले वा निजले तोकेको समितिको सदस्यले सभामा प्रतिवेदन पेश नगरेमा अध्यक्षले तोकेको सोही समितिको कुनै सदस्यले प्रतिवेदन पेश गर्नु पर्दछ । विषयगत समितिले आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले सम्पादन गरेका काम कारबाही समेटी तयार पारेको प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्दछ ।

समितिको लगातार पाँचवटा बैठकमा अनुपस्थित हुने सदस्यले सोको कारण सहितको सूचना सभापतिलाई दिनु पर्दछ र सोभन्दा बढी अवधिको भएमा अध्यक्षलाई दिई स्वीकृत गराउनु पर्दछ । यस्तो

सूचना नदिने सदस्यलाई सभापतिको सिफारिसमा अध्यक्षले समितिबाट हटाउन सक्ने व्यवस्था रहेको छ ।

महासचिव, सचिव र समिति सचिवले सभापतिको अनुमति लिई समितिको कार्यविधि र विचाराधीन विषयमा आफ्नो राय दिन सक्दछन् । समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्दछन् ।

समितिमा विचाराधीन विषयसँग कुनै सदस्यको व्यक्तिगत स्वार्थ गाँसिएको भए सो विषयको छलफल र निर्णयमा उक्त सदस्यले भाग लिन हुँदैन । समितिले आफूलाई तोकिएको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा मात्र छलफल, अध्ययन एवं अनुगमन गर्न पाउदछ । अन्य समितिको कार्यक्षेत्र भित्र पर्ने विषयका सम्बन्धमा छलफल, अध्ययन एवं अनुगमन गर्नुपर्ने अवस्था परेमा अध्यक्षको पूर्व स्वीकृति लिनु पर्दछ । समितिका कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा अध्यक्षको निर्णय अन्तिम हुन्छ ।

# परिच्छेद - २ : समितिको वार्षिक काम कारबाहीको विवरण

## २.१ कार्यक्षेत्रभित्रका विषयमा सम्बन्धित निकायहरुसँग छलफल, सुझाव तथा निर्देशनहरु

### २.१.१ समितिमा छलफल मात्र भएका विषयहरु :

नागरिकको चासोको रुपमा रहेका महत्वपूर्ण समसामयिक विषयहरुमा सम्बन्धीत मन्त्रालय तथा निकायहरुसंग छलफल गरि जानकारी लिएको थियो । समितिले थप छलफलको लागि पूर्व तयारीको रुपमा यर्थाथ विवरण बुझ्न आधिकारीक निकायसंग गरिएका त्यस्ता छलफलहरुमा कुनै महत्वपूर्ण निर्देशनहरु नदिईएको भएता पनि त्यस्ता छलफलहरुले समितिलाई थप कार्यक्रमहरु सञ्चालन सहज बनाएका थिए । आ.व.२०७६/०७७ मा भएका त्यस्ता छलफलहरु निम्नानुसार उल्लेख गरिएको छ :-

- समितिले आ.व.२०७६/०७७ मा मा.परराष्ट्र मन्त्री प्रदिप ज्ञवालीसँग नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौतापत्र Millenium Challange Compact(MCC) को विषयमा छलफल गरेको थियो ।
- बुढिगण्डकी जलविद्युत आयोजना (जलाशययुक्त) को हालसम्मको काम कारबाहीको अवस्था, संचालन मोडालिटि, जग्गा प्राप्ति लगायतका विषयमा मा. ऊर्जा जलस्रोत तथा सिँचाई समितिले नियमित रुपमा आफ्नो कामकारबाही सञ्चालनको क्रममा केहि बैठकहरुमा आम मन्त्री वर्षमान पुन तथा मन्त्रालयका पदाधिकारीहरुसँग छलफल गरेको थियो ।
- मेलम्ची खानेपानी आयोजनाको सुरुङ्ग मार्ग निर्माण, निर्माण सम्पन्न प्रगति सम्बन्धमा खानेपानी मन्त्रालयका सचिवसंग छलफल भएको थियो ।
- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ आयोजनामा वस्ति स्थानान्तरण, मुआब्जा लगायतका विषयमा मा.संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्री योगेश भट्टराईसंग छलफल भएको थियो ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग आयोगको हालसम्मको काम कारबाही, तिनै तहका सरकार विच स्रोत बाँडफाँड लगायतका विषयमा छलफल भएको थियो ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीसँग पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदनमा उल्लेखित गुठी जग्गाको स्वामित्व, क्षेत्राधिकार सम्बन्धमा छलफल गरिएको थियो ।

### २.१.२ समितिमा छलफल भई सम्बन्धित निकायलाई दिईएका राय, सल्लाह र निर्देशनहरु

सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी सम्बन्धित निकायलाई देहाय बमोजिम निर्देशन वा राय सल्लाह दिइएको थियो ।

**राष्ट्रिय गौरवका आयोजनासँग सम्बन्धित निर्देशनहरु :**

समितिको २०७६/०९/१८ गतेको बैठकमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री, मन्त्रालयका सचिव तथा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित सात ओटा राष्ट्रिय गौरवका आयोजनका आयोजना प्रमुखहरुसंग आयोजनाहरुको हालसम्मको प्रगति तथा वर्तमान अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्देशन दिईएको थियो :

- राष्ट्रिय गौरवका आयोजना सञ्चालनको क्रममा नीतिगत तथा प्राविधिक पक्षमा देखिएका समस्याहरु तत्काल समाधान गरि आयोजनाहरुलाई निर्वाध ढङ्गले सञ्चालन हुने वातावरण सिर्जना गर्न राष्ट्रिय गौरवका आयोजना सम्बन्धी उच्चस्तरीय निर्देशक समिति गठन गर्न नेपाल सरकारलाई निर्देशन दिने ।
- राष्ट्रिय गौरवका आयोजना सञ्चालनको क्रममा अन्तर मन्त्रालय, निकाय तथा आयोजना-आयोजना विचमा समन्वयको अभाव देखिएकोले समन्वयत्मक ढङ्गले आयोजना सञ्चालन गर्न सम्बन्धित मन्त्रालय तथा आयोजनाहरुलाई निर्देशन दिने ।
- राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न त्यस्ता आयोजनाहरुलाई प्रर्याप्त बजेट, स्रोत साधन तथा दक्ष जनशक्तिको व्यवस्था गर्न साथै राष्ट्रिय गौरवका आयोजनाका कामकारवाहिलाई प्राथमिकता दिनेगरि विशेष कानूनी व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने ।

**राष्ट्रिय सम्पदाहरुको पुन निर्माणसँग सम्बन्धित र्निदेशनहरु :**

समितिको २०७६/०९/२१ गतेको बैठकमा राष्ट्रिय सम्पदाहरुको पुन निर्माणको अवस्था लगायत राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको कामकारबाहीको पछिल्लो अवस्था बारे राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुसंग छलफल गरी उक्त प्राधिकरणलाई देहाय बमोजिमको निर्देशन दिईएको थियो :

- प्राधिकरणको विगत एक बर्षका काम कारबाही सन्तोषजनक देखिएको र पुनःनिर्माण सम्बन्धी बाँकी कार्य निर्धारित समयसिमा भित्रै निर्धारित मापदण्ड बमोजिम गुणस्तरीय ढगंले सम्पन्न गर्ने ।
- प्राधिकरणको बाँकी कार्यवधिलाई समेतलाई ध्यान दिदै निजी आवास लगायत पुनःनिर्माण सम्बन्धमा प्राप्त गुनासो नियमानुसार अविलम्ब सम्बोधन गरी प्राधिकरणको काम कारबाही तिब्रताका साथ अगाडी बढाउने ।

**पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदासँग सम्बन्धित निर्देशनहरु :**

पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरि सो सम्बन्धी प्रतिवेदन समितिले पारित गरि दिइएका निर्देशन तथा सुझावहरु देहाय बमोजिम रहेका छन् :

- बर्षौ देखि पिछडिएको क्षेत्रको पहिचान बोकेको कर्णाली प्रदेशको विकास गरी राष्ट्रिय विकासको मुलधारमा ल्याउन संघ, प्रदेश र स्थानीय तह विचमा समन्वय गरी देहायका विषयहरु समेटिएको पिछडिएको क्षेत्र विकास गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याउनुपर्ने ।
  - ✓ सडक पुर्वाधार,
  - ✓ विद्युतीकरण,
  - ✓ जडिबुटी खनिज र कृषीजन्य उत्पादनको व्यवसायिकरण, प्रशोधन तथा वजारीकरण,
  - ✓ शिक्षा,
  - ✓ स्वास्थ्य,
  - ✓ खानेपानी,
  - ✓ धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटनका लागि पर्यटकीय स्थलको पहिचान र पूर्वाधारको विकास,
  - ✓ महिला, बालवालिका तथा जेष्ठ नागरिकहरुलाई विशेष व्यवस्था,
  - ✓ औद्योगिक विकास मार्फत रोजगारी सृजना गरी गरिबी निवारण ।
- कर्णाली क्षेत्रको पहिचानको रुपमा रहेका विभिन्न प्रकारका लोक भाका, लोकनृत्य, मौलिक पोशाक, संस्कार, संस्कृति रीतिरिवाज आदिको संरक्षण, संवर्द्धन गर्न आवश्यक रहेको साथै सिंजा सभ्यता लगायत यस क्षेत्रको समग्र भाषा, कला, संस्कृति, रीतिरिवाजको अध्ययन, संरक्षण र विकासको लागि एक अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्नुपर्ने ।
- कर्णाली क्षेत्रमा रहेका ताल, कुण्ड, गुफा, हिमाल, उपत्यका आदिको संरक्षण एवंम् प्रचार प्रसार गरि प्रर्याप्त मात्रामा पर्यटकीय क्षेत्रको विकास गर्न सके कर्णाली क्षेत्रको आर्थिक प्रगतिमा यहाँका सम्पदाहरु नै प्रर्याप्त स्रोत सावित हुनसक्ने भएकोले तीनै तहका सरकारले त्यसतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने ।
- कर्णाली क्षेत्रमा रहेका विभिन्न धार्मिक स्थल, मन्दिरहरु, देवल, धाम, गुम्बा, गुफा आदिको प्रचार-प्रसार एवंम् पदमार्ग निर्माण गरी धार्मिक तथा साँस्कृतिक पर्यटनको लागि विशेष कार्यक्रमहरु बनाउनु पर्ने ।
- यस क्षेत्रका रैथाने तथा स्थानिय वाली, विउविजन, फलफुल, जडिबुटि, खनिज आदिको संरक्षण, प्रशोधन, व्यवसायिकरण र बजारीकरण गर्नुपर्ने साथै अर्गानीक प्रदेशको रुपमा कर्णाली प्रदेशलाई स्थापित गर्न सम्बन्धीत सबैले सहयोग गर्नुपर्ने ।

- कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको गुरुयोजना अध्ययन गरी स्वीकृत गर्नुपर्ने साथै सरकारले सुगम स्थानमा रहेको प्रतिष्ठानहरु भन्दा नीतिगत रुपमा विषेश सहुलियत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्ने ।
- छाउपडी लगायतका कुरीतिको अन्त्य गर्न सरकारले सञ्चालन गरेको अभियानमा थप कार्यक्रमहरु समेत समावेश गरी प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने ।

**कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणसँग सम्बन्धित र्निदेशनहरु :**

समितिको २०७७/०१/१२ गतेको बैठकमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको रोकथामका लागी नेपाल सरकारले गरेको कार्यका समिक्षा गर्दै सम्बन्धीत सबैलाई जिम्मेवार बन्दै थप प्रभावकारी ढङ्गले महामारी विरुद्ध एकजुट हुन आह्वान गर्दै वर्तमान अवस्थामा देखिएका समस्या समाधानका लागी नेपाल सरकार र नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिलाई तहगत सरकारहरुबिच आवश्यक समन्वय गरि देहाय बमोजिम गर्न निर्देशन दिईएको थियो :

- स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका लागी आवश्यक स्वास्थ्य सुरक्षा सामाग्री अविलम्ब व्यवस्था गर्न बजार अनुगमनलाई तिव्रता दिई महामारीको समयमा कालाबजारी गर्नेलाई हदैसम्मको कारबाही गर्ने
- हाल Rapid Diagnostic Test (RDT) विधिबाट गरेको परिक्षणको संख्या अधिक रहेकोले रहेकोले Polymerase Chain Reaction (PCR) विधिबाट परिक्षण गर्न थप ल्याबहरु विस्तार गर्ने,विभिन्न युनिभर्सीटी र कलेजहरुमा रहेका PCR मेशिन र माईक्रो बायोलोजिस्टहरु समेत परिचालन गरी PCR विधिबाट कोरोना परिक्षणमा जोड दिने
- भारतमा कोरोना भाईरसको संक्रमण तिव्र रुपमा फैलिएको र नेपालमा समेत कोरोना भाईरसको संक्रमण दोस्रो चरणमा प्रवेश गरेको अवस्थामा तत्काल लकडाउन खुलाउनु घातक हुने हुनाले कोरोना परिक्षणको दर तिव्र बनाई जोखिमयुक्त नदेखिएका स्थान आन्तरिक रुपमा खुकुलो बनाउदै लैजाने
- दम,मुटु ,किड्नी जस्ता दिर्घ रोगीहरको नियमित उपचार सुनिश्चीतगरी नागरिकको स्वास्थ्य सम्बन्धी हकको संरक्षण गर्ने
- सिमा सुरुक्षामा थप कडाई गर्ने र छिमेकी राष्ट्र भारतसंगको खुल्ला सिमा बन्द गर्न आवश्यक कुटनैतिक पहल समेत सुरु गर्ने
- राहात सामाग्री एकद्वार प्रणली मार्फत सम्बन्धीत स्थानियतहले वितरित राहत सामाग्रीको गुणस्तरीयता सुनिश्चीत हुने व्यवस्था मिलाउने
- दैनिक ज्यालादारीबाट जिविकोपार्जन गर्ने विपन्न मजदुरहरु र लकडाउनमा परेका विद्यार्थीहरुका लागी तत्काल विशेष राहात कार्यक्रम ल्याउने

- हाल उपत्यकका विभिन्न स्थानमा गाउँ फर्कनेहरुको भिडभाड देखिन थालेको सन्दर्भमा लकडाउनको वेला आवत जावत खुकुलो गर्दा संक्रमण बढ्न सक्ने भएकोले आवश्यक राहत सामाग्रीको व्यवस्थापन गरी यथास्थानमा बस्ने व्यवस्था मिलाउने ।
- भारत लगायत विभिन्न मुलुकमा रहेका नेपालीको विवरण सम्बन्धीत देशमा रहेको नेपाली राजदुतावास मार्फत एकिन गरि स्वास्थ्य सुरक्षा र आवश्यकता अनुसार राहात सामाग्री समेत उपलब्ध गराउन सम्बन्धीत मुलुकसंग तत्काल कुटनैतिक पहल गर्ने
- लकडाउनको समयमा पनी श्रमिकको स्वास्थ्य सुरुक्षा सुनिश्चीत गरि राष्ट्रिय गौरवका आयोजना र अत्यवाश्यक सामाग्री उत्पादन गर्ने कलकारखानाहरु संचालन गर्ने व्यवस्था मिलाउने
- कोरोना भाईरसको संक्रमण अन्त्य भए पश्चात आउन सक्ने खाद्य संकट व्यवस्थापनका लागी कृषि क्षेत्र लक्षीत विशेष योजनाहरु ल्याउने

समितिको २०७७/०२/११ गतेको बैठकबाट कोभिड- १९ को विश्वव्यापी महामारीको सन्दर्भमा नेपाल फर्कन चाहाने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको सम्बन्धमा माननीय परराष्ट्र मन्त्रीसंग छलफल गरि गाँस, बास, स्वास्थ्य सुरक्षा लगायतका समस्याबाट संकट व्यहोरिरहेका विभिन्न देशमा रहेका नेपाली नागरिकहरुलाई प्राथमिकताका आधारमा स्वास्थ्य सुरक्षा सुनिश्चित हुने गरि अविलम्व नेपाल ल्याउने व्यवस्था मिलाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिईएको थियो ।

समितिको २०७७/०३/१६ गतेको बैठकमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीसंग Covid-19 नियन्त्रणमा तीन तहका सरकारहरुविच समन्वयको अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्देशन दिईएको थियो :

- प्रदेश सरकार र स्थानीय तह बीच आवश्यकताको आधारमा सहकार्य र समन्वय गरि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानयि तहलाई संक्रमणको अवस्था, स्थानीय श्रोत साधनको अवस्था भौगोलिक विकटता र संख्यालाई आधारमानी आवश्यकता विश्लेषण गरि थप बजेट विनियोजन गर्नुपर्ने ।
- प्रदेश र स्थानीय तहको समन्वयमा क्वारेन्टाइन र आईसोलेसन सेन्टरको व्यवस्थापन, संचालन आदिको सम्बन्धीत निकायबाट अनुगमन गर्न निर्देशन दिने ।
- उपत्यका आउने जाने विरामी, कर्मचारी, व्यवसायीलाई सहज र सरल उपत्यकामा, प्रवेश दिन नेपाल सरकारलाई आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने ।

**नेपालको अन्तराष्ट्रिय सिमासँग सम्बन्धित निर्देशन :**

समितिको २०७७/०२/११ गतेको बैठकबाट नेपालको सिमा समस्या सम्बन्धमा माननीय परराष्ट्र मन्त्रीसंग छलफल गरि नेपाल सरकारले लिम्पियाधुरा लिपुलेक र कालापानी सहितको नेपालको अतिक्रमित भुमि प्राप्त गर्ने सन्दर्भमा नेपालको सम्पूर्ण भू-भाग समेटिएको नेपालको प्रशासनिक तथा

राजनैतिक नक्सा प्रकाशन गर्ने र तदनुरुप नेपालको सविंधान संशोधन गर्ने प्रक्रिया अगाडी बढाउने ऐतिहासिक कार्य गरेकोमा समितिले दृढ समर्थन एंवम ऐक्यवद्वता प्रकट गर्दै कुटनितिक संवाद मार्फत् नेपालको भुमि प्राप्त गर्न राष्ट्रिय सहमतिका साथ ठोस पहल कदमी अगाडी बढाउन नेपाल सरकार परराष्ट्र मन्त्रालयलाइ निर्देशन दिईएको थियो ।

## २.२ पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम

समितिले आफ्नो कार्यक्षेत्रभित्रको विषय पिछडिएको क्षेत्र, समुदाय संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था वारे २०७६ असोज ५ गतेदेखि १० गते सम्म कर्णाली प्रदेशको अध्ययन भ्रमण तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । प्रतिनिधि सभाका सदस्य (जुम्ला जिल्लाबाट प्रत्यक्ष निर्वाचित सासंद ) मा. छक्क बहादुर लामाले समितिको बैठकमा कर्णाली प्रदेशको भौगोलिक अवस्था, समुदाय, संस्कृति, राष्ट्रिय सम्पदा लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भई सो सम्बन्धमा जानकारी लिइएको थियो । अध्ययन भ्रमणको क्रममा देहाय बमोजिमका कार्यक्रमहरु सम्पन्न भएका थियो ।

### २.२.१ पिछडिएको क्षेत्र सम्बन्धमा जुम्ला, खलङ्गामा आयोजित अन्तरक्रिया कार्यक्रम

समितिले मिति २०७६।०६।०६ गते दिनको ३:०० बजे जिल्ला समन्वय समितिको कार्यालय, जुम्ला खलङ्गामा पिछडिएको क्षेत्र सम्बन्धी भव्य अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । सो कार्यक्रमको सभापतित्व समितिका सभापति माननीय दिल कुमारी रावल थापा (पार्वती) ले गर्नुभएको थियो भने कार्यक्रममा समितिका सदस्यहरु मा. इन्दु कडरीया, मा. जीवन बुढा, मा. दिपा गुरुङ, मा. धन कुमारी खतिवडा, मा. रामचन्द्र राई र मा. सुरेन्द्र राज पाण्डेले आतिथ्यता ग्रहण गर्नुभएको थियो । कार्यक्रममा मा. जीवन बुढाले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यबारे मा. सुरेन्द्र राज पाण्डेले जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख, उपप्रमुख, जुम्ला जिल्लाका सम्पूर्ण स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु, कालिकोटको तिलगुफा न.पा.का प्रमुख तथा उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी र सबै स्थानीय तहका प्रशासकीय अधिकृतहरु, जुम्लामा क्रियासिल विभिन्न राजनैतिक दलका प्रमुख वा प्रतिनिधि लगायत नागरिक समाज, स्थानीय पत्रकार तथा आमन्त्रित व्यक्तित्वहरु र पत्रकारहरु सहभागी रहेका थिए । सो कार्यक्रममा प्राप्त जानकारी तथा सुझावहरु सहित समितिले प्रतिवेदन तयार पारेर राष्ट्रिय सभामा पेश गरिसकेको छ ।

### २.२.२ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम

मिति २०७६।०६।०७ गते समितिले उक्त टोलीले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रमको स्वागत मन्तव्य मा. जीवन बुढाले र कार्यक्रमको उद्देश्यबारे जानकारी सभापति मा. दिल कुमारी रावल थापा (पार्वती) ले प्रकाश पार्नु भएको थियो । कार्यक्रमका सहभागीहरु जिल्ला समन्वय समिति जुम्लाका प्रमुख, उपप्रमुख, जुम्ला जिल्लाका सम्पूर्ण स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु, कर्णली स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरु, जुम्लामा क्रियासिल विभिन्न राजनैतिक दलका प्रमुख वा प्रतिनिधि र अन्य आमन्त्रित

व्यक्तित्वहरु तथा पत्रकारहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा प्राप्त जानकारी तथा सुझावहरु सहित समितिले प्रतिवेदन तयार पारेर राष्ट्रिय सभामा पेश गरिसकेको छ ।

### २.२.३ कर्णाली प्रदेशको संस्कृति सम्बन्धमा जुम्लाको सिँजामा आयोजित अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सरोकार तथा समन्वय समितिले मिति २०७६।०६।०७ गते कर्णाली प्रदेशको संस्कृति सम्बन्धमा जुम्लाको सिँजामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सभापतित्व मा. दिल कुमारी रावल थापा (पार्वती) ले गर्नुभएको थियो भने सो कार्यक्रमा अतिथिको रुपमा मा. इन्दु कडरीया, मा.जीवन बुढा, मा. दिपा गुरुङ, मा. धन कुमारी खतिवडा, मा. रामचन्द्र राई र मा. सुरेन्द्र राज पाण्डे रहनु भएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य मा. जीवन बुढाले र कार्यक्रमको उद्देश्यबारे मा. सुरेन्द्र राज पाण्डेले जानकारी गराउनु भएको थियो । सिंजामा आयोजित उक्त कार्यक्रममा कनकासुन्दरी, सिंजा र हिमा गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृतहरु, खस भाषाको पाठ्यक्रम निर्माण समितिमा संलग्न विज्ञहरु, स्थानीय जनप्रतिनिधि तथा शिक्षकहरु बुद्धिजिवी लगायत अन्य आमन्त्रित व्यक्तित्वहरु र पत्रकारहरुको उल्लेखनीय सहभागिता रहेको थियो । कर्णाली प्रदेशको संस्कृति सम्बन्धमा सो कार्यक्रममा प्राप्त जानकारी तथा सुझावहरु सहित समितिले प्रतिवेदन तयार पारेर राष्ट्रिय सभामा पेश गरिसकेको छ ।

### २.२.४ राष्ट्रिय सम्पदाको सम्बन्धमा मुगुको रारामा आयोजित अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सरोकार तथा समन्वय समितिले मिति २०७६।०६।०९ गते मुगुको रारामा राष्ट्रिय सम्पदा सम्बन्धमा भव्य अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । समितिका सभापति मा. दिल कुमारी रावल थापा (पार्वती) को सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना रहनुभएको थियो । कार्यक्रमका अथितिका रुपमा मा. इन्दु कडरीया, मा. जीवन बुढा, मा. दिपा गुरुङ, मा. धन कुमारी खतिवडा, मा. रामचन्द्र राई र मा. सुरेन्द्र राज पाण्डेको सहभागिता रहेका थिए । उक्त कार्यक्रमा उपस्थित सबैलाई स्वागत मन्तव्यद्वारा मा. श्री जीवन बुढाले स्वागत गर्नुभएको थियो । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्न मा. सुरेन्द्र राज पाण्डेलाई जिम्मेवारी दिइएको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समिति मुगुका प्रमुख, उपप्रमुख, मुगु जिल्लाका चारओटै स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु, मुगुका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी र मुगु जिल्लाका चारवटै स्थानीय तहका प्रशासकीय अधिकृतहरु, रारा राष्ट्रिय निकुञ्जका पदाधिकारीहरु, मध्यवर्ती क्षेत्र विकास समितिका पदाधिकारीहरु, मुगुमा क्रियाशील विभिन्न राजनैतिक दलका प्रमुख वा प्रतिनिधि, उद्योग वाणिज्य महासंघ मुगुका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु र अन्य आमन्त्रित व्यक्तित्वहरु तथा पत्रकारहरु रहेको उल्लेखनीय सहभागिता रहेको थियो ।

पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०७६ समितिले राष्ट्रिय सभा समक्ष पेश गरिसकेको छ ।

## २.३ पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमिति, २०७६ ले गरेका काम कारबाहीहरु

समितिबाट मिति २०७६।०४।२७ गते पशुपति क्षेत्र विकास कोषको अनुगमन भ्रमण भएको थियो । सो स्थलगत अनुगमन भ्रमण तथा यस अघि समितिमा पशुपति क्षेत्र विकास कोष बारे भएका छलफल, समितिले दिएका निर्देशनहरु र सो को कार्यान्वयनको अवस्थाबारे समितिको २०७६/०५/०१ गतेको वैठकमा छलफल गरी राष्ट्रिय गौरवको आयोजना रुपमा सञ्चालित पशुपति क्षेत्र विकास कोषको समग्र पक्षको अध्ययन, सरोकारवालाहरुसंग बैठक एवं अन्तरक्रिया गरी कार्य प्रारम्भ गरेको मितिले तीस कार्यदिन भित्र समितिमा प्रतिवेदन पेश गर्न मा. धनकुमारी खतिवडाको संयोजकत्वमा मा. कोमल वली, मा. जीवन बुढा, मा. रमेश प्रसाद यादव र मा. रामपृत पासवान सदस्य रहेको पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमिति, २०७६ गठन गरेको थियो । उपसमितिले मिति २०७६।०९।२३ गते पहिलो बैठक बसी उपसमितिले कार्य प्रारम्भ गरेको थियो । सो बैठकमा पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरुलाई आमन्त्रण गरी कोषको सम्रग अवस्थाबारे जानकारी लिइएको थियो । सो क्रममा कोषले हालसम्म सम्पादन गरिरहेका काम कारबाही कार्य सम्पादनको क्रममा देखिएका समस्या, कोषको आगामी योजना, कोषको प्रभावकारी सञ्चालनका लागि समितिबाट राखेको अपेक्षा लगायतका पक्षमा कोषका पदाधिकारीहरुबाट विविध जानकारी तथा सुझावहरु प्राप्त भएका थिए । समिति र उपसमितिमा भएका छलफल, स्थलगत अनुगमन, अन्तरक्रिया तथा प्राप्त कागजात तथा प्रतिवेदनहरुको अध्ययन पश्चात् उपसमितिले समितिको २०७६/११/०८ गतेको बैठकमा प्रतिवेदन पेश गरेको थियो । उक्त अध्ययन प्रतिवेदन माथी समितिमा छलफल गरिनुको साथै माननीय भुमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रीज्यूसंग पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदन सम्बन्धमा छलफल भएको र समितिको आगामी बैठकमा संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, गृह मन्त्रालय, पशुपति क्षेत्र विकास कोष र गुठी संस्थानसंग समेत छलफल गरी निष्कर्षमा पुग्ने निर्णय भएको थियो । उपसमितिले दिइएका सिफारिस तथा सुझावहरु देहाय बमोजिमका रहेका छन् :-

- पशुपति क्षेत्रभित्र हुने पुजा व्यवस्था, मेला पर्व एवं जात्राको व्यवस्थापन पशुपति क्षेत्र विकास कोष मार्फत् एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन पशुपति क्षेत्रभित्रका व्यक्तिगत तथा व्यवसायिक भवनहरु र जग्गा को भाडा समयानुकूल वृद्धि गर्न मिल्ने गरी तत्काल विद्यमान कानून परिमार्जन गर्न, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तारको क्रममा पशुपति क्षेत्रको संवेदनशीलतालाई समेत विचार गरी जग्गा व्यवस्थापन गर्न, पशुपति क्षेत्रभित्र निर्माण हुने संरचनाहरुको निर्माणपूर्व कोषको स्वीकृति अनिवार्य लिनु पर्ने व्यवस्था गर्न, पशुपति क्षेत्रभित्र सो क्षेत्रको मर्यादा, आस्था एवं सवेदनशीलता प्रतिकूलका स्मारक वा अन्य संरचना निर्माण गर्न नदिन र यस अगाडि निर्माण भएका पाइएमा पशुपति क्षेत्रबाट हटाई अन्यत्र व्यवस्थापन गर्न नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय र भूमि व्यवस्थापन मन्त्रालयलाई निर्देशन दिने ।

- पशुपति क्षेत्र विकास गुरुयोजना तत्काल तयार पारी नेपाल सरकार समक्ष पेश गर्न, स्वच्छ र सुन्दर पशुपति क्षेत्र निर्माण गर्न, नेपाल भ्रमण वर्ष २०२० लाई मध्यनजर गरी विशेष प्रकारका कार्यक्रम, मेला पर्व आयोजना गर्न, पारदर्शी ढङ्गले कोष सञ्चालन गर्न, भट्ट, भण्डारी र कोषबीचको असमझदारी तत्काल समाधान गर्न साथै विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी कोषका काम कारबाहीहरु सञ्चालन गर्न पशुपति क्षेत्र विकास कोषलाई निर्देशन दिने ।
- पशुपति क्षेत्र विकास कोषको जग्गा, मेलापर्व तथा जात्रा व्यवस्थापन, गुठी सञ्चालन, पशुपति क्षेत्रको सुरक्षा व्यवस्थापन लगायतका विषयमा देखिएका समस्या समाधान गरी कोषलाई व्यावस्थित रुपले सञ्चालन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, पशुपति क्षेत्र विकास कोष, गुठी संस्थान र पुरातत्व विभाग सँग राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा संयुक्त रुपमा छलफल गरी समन्वयात्मक ढङ्गले अगाडि बढ्ने वातावरण सिर्जना गर्नु पर्ने ।

## २.४ विवरण तथा जानकारी माग

- समितिको कार्यक्षेत्र अन्तर्गत रहेका २१ वटा राष्ट्रिय गौरवका आयोजनाको गत आ.व (आ.ब २०७५।७६)को प्रगति विवरण माग गरिएको थियो ।
- पशुपति क्षेत्र लगायत देशभरका मठमन्दिर गुम्बा आदीको नाममा रहेका गुठीहरुको जग्गा र सो को भोग चलनको अवस्थावारे भुमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालयसंग विवरण माग गरिएको थियो ।

## २.५ अभिमुखीकरण कार्यक्रमहरु

समितिले आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न विषयमा काम कारबाही अगाडि बढाउनुपूर्व सम्बन्धित विषयहरुको बारेमा विस्तृत जानकारी तथा विज्ञहरुको सुझाव समेत लिई सो समेतको आधारमा समितिको आवधिक कार्ययोजनाहरु निर्माण गर्ने र सोहि कार्ययोजना बमोजिम योजनाबद्ध ढङ्गले समितिका काम कारबाही सञ्चालन गर्ने अभ्यास विगतदेखि नै गरिरहेको छ । सोही सन्दर्भमा यस आ.व. मा समितिले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा गरेका अभिमुखीकरण कार्मक्रमको विवरण देहाय बमोजिम रहेको छ :-

| मिति | स्थान | अभिमुखीकरणको विषय | विषय विज्ञ | सहभागीहरु |
|---|---|---|---|---|
| २०७६/०५/०२ | नगरकोट | संसदीय निगरानी | मा. जनकराज जोशी | समितिका माननीय सदस्यहरु र समिति सचिवलायका कर्मचारीहरु |

| | | | | |
|---|---|---|---|---|
| २०७६/०९/२२ | याक एण्ड यती होटल | समावेशी विकास र सम्बृद्ध नेपाल | डा. युवराज खतिवडा डा. स्वार्णिम वाग्ले र श्री महालक्ष्मी उपाध्याय डिना | उपप्रधान तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल, समितिका माननीय सदस्यहरु र समिति सचिवलायका कर्मचारीहरु |
| २०७६/०९/२५ र २६ | धुलिखेल, काभ्रे | समावेशी प्रतिनिधित्व, सवल र सक्षम महिला नेतृत्व | मा. सुवास नेम्वाङ, डा. विमला राई पौडेल, श्री राजेन्द्र फुयाल, डा. विपिन अधिकारी | समितिका माननीय सदस्यहरु र सचिवलायका कर्मचारीहरु |
| २०७७/०३/३० | सिंहदरवार, काठमाडौं | राष्ट्रिय सरोकार तथा समन्वय समितिको सशक्तिकरण सम्बन्धमा | डा. विपिन अधिकारी | समितिका माननीय सदस्यहरु र समिति सचिवलायका कर्मचारीहरु |

## २.६. अन्य गतिविधिहरु

- संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा मिति २०७६ फागुन २६ देखि चैत्र ७ तदनुसार मार्च ९ देखि २०, २०20मा आयोजना हुने "64th session of the Commission on the status of the women" विषयक कार्यक्रममा सहभागी हुन समिति सभापति मा. दिल कुमारी रावल थापा पार्वती लाई उक्त कार्यक्रम सहभागी हुने निर्णय भएकोमा कोभिड- १९ को विश्वव्यापी महामारीको कारण उक्त कार्यक्रम सम्पन्न हुन सकेन ।

- समितिको आ.व. २०७५/०७६ को बार्षिक प्रतिवेदन सम्बन्धमा छलफल भई मिति २०७६/०५/०७ गतेको बैठकबाट राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवदेन, २०७६ सर्वसम्मतीले पारित गरी उक्त प्रतिवदेन समितिको तर्फबाट मा. सभापतिबाट राष्ट्रिय सभाको बैठकमा पेश भएको थियो ।

- समितिले राष्ट्रिय सरोकार तथा समन्वय समितिको अर्धवार्षिक कार्ययोजना २०७६ तयार गरेको थियो । सो कार्ययोजना बमोजिम भए गरेका काम कारबाहीको समिक्षा तथा आगामी कार्यक्रम सम्बन्धमा समेत छलफल भएको थियो ।

## २.७ समितिका महत्वपूर्ण निर्देशन तथा सूझावहरुको कार्यान्वयनको अवस्था

राष्ट्रिय सरोकार तथा समन्वय समितिले आ.व. ०७६।७७ मा आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न विषयमा सम्बन्धीत निकाय तथा पदाधिकारी हरुलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल गरे पश्चात् समितिले दिएका निर्देशनहरु आंशिक रुपमा मात्रै कार्यान्वयन भएको देखिन्छ । यस अवधिका समितिका महत्वपूर्ण निर्देशनहरु तथा सो को कार्यान्वयनको अवस्थालाई तल उल्लेख गरिएको छ । यसको अलावा समितिले आफैं सम्पादन गर्नु पर्ने कार्यहरुको हकमा सरोकारवाला मन्त्रालय तथा निकायले समय उपलब्ध गराउन नसकेका कारण कतिपय बैठक तथा छलफल कार्यक्रमहरु सम्पन्न हुन सकेनन् भने यसै आ.व. को मध्यतिरबाट विश्वव्यावपी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण त्यसपछिका समितिका काम कारबाहीहरु स्थगित गर्नु पर्ने अवस्था समेत सिर्जना भयो ।

| मिति | सरकारलाई दिईएको निर्देशनहरु | कार्यान्वयन अवस्था |
|---|---|---|
| २०७६/०९/१८ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यू, मन्त्रालयका सचिव तथा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित सातओटा राष्ट्रिय गौरवका आयोजनका आयोजना प्रमुखहरुसँग आयोजनाहरुको हालसम्मको प्रगति तथा वर्तमान अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :- | |
| | १. राष्ट्रिय गौरवका आयोजना सञ्चालनको क्रममा नितिगत तथा प्राविधिक पक्षमा देखिएका समस्याहरु तत्काल समाधान गरी आयोजनाहरुलाई निर्वाध ढङ्गले सञ्चालन हुने वातावरण सिर्जना गर्न राष्ट्रिय गौरवका आयोजना सम्बन्धी उच्चस्तरीय निर्देशक समिति गठन गर्न नेपाल सरकारलाई निर्देशन दिने । | कार्यान्वयन नभएको । |
| | २. राष्ट्रिय गौरवका आयोजना सञ्चालनको क्रममा अन्तर मन्त्रालय, निकाय तथा आयोजना-आयोजनाबीचमा समन्वयको अभाव देखिएकोले समन्वयात्मक ढङ्गले आयोजना सञ्चालन गर्न सम्बन्धित मन्त्रालय तथा आयोजनाहरुलाई निर्देशन दिने । | आंशिक कार्यान्वयन भएको । |
| | ३. राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न त्यस्ता आयोजनाहरुलाई प्रर्याप्त बजेट, स्रोत साधन तथा दक्ष जनशक्तिको व्यवस्था गर्न साथै राष्ट्रिय गौरवका आयोजनाका काम कारबाहीलाई प्राथमिकता दिनेगरी विशेष कानूनी व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने । | कार्यान्वयन भइरहेको । |
| २०७६/०९/२१ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा राष्ट्रिय सम्पदाहरुको पुन निर्माणको अवस्था लगायत राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको कामकारबाहीको पछिल्लो अवस्था बारे राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुसंग छलफल गरी समितिको तर्फबाट देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो । | |
| | १. प्राधिकरणको विगत एक बर्षका काम कारबाही सन्तोषजनक देखिएको र पुनःनिर्माण सम्बन्धी बाँकी कार्य निर्धारित समयसिमा भित्रै निर्धारित मापदण्ड बमोजिम गुणस्तरीय ढगंले सम्पन्न गर्न राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने । | कार्यान्वयन भइरहेको । |
| | २. प्राधिकरणको बाँकी कार्यवधिलाई समेतलाई ध्यान दिदै निजी आवास लगायत पुनःनिर्माण सम्बन्धमा प्राप्त गुनासो नियमानुसार अविलम्ब सम्बोधन गरी प्राधिकरणको काम कारबाही तिब्रताका साथ अगाडी बढाउन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने । | कार्यान्वयन भइरहेको । |

| | | |
|---|---|---|
| २०७७/११/१४ | समितिको आजको बैठकमा पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमहरुको प्रतिवेदन,२०७६ पारित गरी सो प्रतिवेदन समितिको तर्फबाट माननीय सभापतिज्यूले सदन समक्ष पेश गर्ने निर्णय गरियो । उक्त प्रतिवेदनमा गरिएका सिफारीस तथा निर्देशनहरु देहाय बमोजिम रहेका छन् : | |
| | • बर्षौं देखि पिछडिएको क्षेत्रको पहिचान बोकेको कर्णाली प्रदेशको विकास गरी राष्ट्रिय विकासको मुलधारमा ल्याउन संघ, प्रदेश र स्थानीय तह विचमा समन्वय गरी देहायका विषयहरु समेटिएको पिछडिएको क्षेत्र विकास गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याउनुपर्ने ।<br>✓ सडक पुर्वाधार,<br>✓ विद्युतीकरण,<br>✓ जडिबुटी खनिज र कृषीजन्य उत्पादनको व्यवसायिकरण, प्रशोधन तथा वजारीकरण,<br>✓ शिक्षा,<br>✓ स्वास्थ्य,<br>✓ खानेपानी,<br>✓ धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटनका लागि पर्यटकीय स्थलको पहिचान र पूर्वाधारको विकास,<br>✓ महिला, बालवालिका तथा जेष्ठ नागरिकहरुलाई विशेष व्यवस्था,<br>✓ औद्योगिक विकास मार्फत रोजगारी सृजना गरी गरिवि निवारण । | कार्यान्वयन नभएको । |
| | • कर्णाली क्षेत्रको पहिचानको रुपमा रहेका विभिन्न प्रकारका लोक भाका, लोकनृत्य, मौलिक पोशाक, संस्कार, संस्कृति रीतिरिवाज आदिको संरक्षण, संवर्द्धन गर्न आवश्यक रहेको साथै सिंजा सभ्यता लगायत यस क्षेत्रको समग्र भाषा, कला, संस्कृति, रीतिरिवाजको अध्ययन, संरक्षण र विकासको लागि एक अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्नुपर्ने । | कार्यान्वयन नभएको । |
| | • कर्णाली क्षेत्रमा रहेका ताल, कुण्ड, गुफा, हिमाल, उपत्यका आदिको संरक्षण एवंम् प्रचार प्रसार गरि प्रर्याप्त मात्रामा पर्यटकीय क्षेत्रको विकास गर्न सके कर्णाली क्षेत्रको आर्थिक प्रगतिमा यहाँका सम्पदाहरु नै प्रर्याप्त स्रोत सावित हुनसक्ने भएकोले तीनै तहका सरकारले त्यसतर्फ विशेष ध्यान पुर्‍याउनु पर्ने । | आंशिक कार्यान्वयन भएको । |
| | • कर्णाली क्षेत्रमा रहेका विभिन्न धार्मिक स्थल, मन्दिरहरु, देवल, धाम, गुम्बा, गुफा आदिको प्रचार-प्रसार एवंम् पदमार्ग निर्माण गरी धार्मिक तथा साँस्कृतिक पर्यटनको लागि विशेष कार्यक्रमहरु बनाउनु पर्ने । | आंशिक कार्यान्वयन भएको । |
| | • यस क्षेत्रका रैथाने तथा स्थानिय वाली, विउविजन, फलफुल, जडिबुटि, खनिज आदिको संरक्षण, प्रशोधन, व्यवसायिकरण र बजारीकरण गर्नुपर्ने साथै अर्गानीक प्रदेशको रुपमा कर्णाली प्रदेशलाई स्थापित गर्न सम्बन्धीत सबैले सहयोग गर्नुपर्ने । | आंशिक कार्यान्वयन भएको । |
| | • कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको गुरुयोजना अध्ययन गरी स्वीकृत गर्नुपर्ने साथै सरकारले सुगम स्थानमा रहेको प्रतिष्ठानहरु भन्दा नीतिगत रुपमा विषेश सहुलियत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्ने । | कार्यान्वयन नभएको । |

| | | |
|---|---|---|
| | ● छाउपडी लगायतका कुरीतिको अन्त्य गर्न सरकारले सञ्चालन गरेको अभियानमा थप कार्यक्रमहरु समेत समावेश गरी प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने । | कार्यान्वियन भइरहेको । |
| २०७७/०१/१२ | समितिको आजको बैठकमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको रोकथामका लागी नेपाल सरकारले गरेको लकडाउन, सिमा सिल्ड, अन्तर्राष्ट्रिय उडानमा प्रतिबन्द, प्रदेश तथा स्थानीय तहको सक्रिय भूमिका, स्वास्थ्य सेवामा अग्रपक्तिमा रहेर कार्यरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र आम नागरिकको सहयोगका कारण प्रकोप नियन्त्रण संभव भएको र लकडाउनका बाबजुद खाद्यान्न, औषधि लगायतका अत्यवश्यक बस्तुको आपूर्ति समेत सहज भैरहेको सन्दर्भमा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिंईयो । आगामी दिनमा समेत जिम्मेवार बनेर थप प्रभावकारी ढङ्गले महामारी विरुद्ध एकजुट हुन आह्वान गर्दै वर्तमान अवस्थामा देखिएका समस्या समाधानका लागी नेपाल सरकार र नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिलाई तहगत सरकारहरुबिच आवश्यक समन्वय गरि देहाय बमोजिम गर्न निर्देशन दिईयो :- | |
| | ➢ स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका लागी आवश्यक स्वास्थ्य सुरक्षा सामाग्री अविलम्ब व्यवस्था गर्ने, बजार अनुगमनलाई तिव्रता दिई महामारीको समयमा कालाबजारी गर्नेलाई हदैसम्मको कारबाही गर्ने, | कार्यान्वियन भएको । |
| | ➢ हाल Rapid Diagnostic Test (RDT) विधिबाट गरेको परिक्षणको संख्या अधिक रहेकोले Polymerase Chain Reaction (PCR) विधिबाट परिक्षण गर्न थप ल्याबहरु विस्तार गर्ने, विभिन्न युनिभर्सीटी र कलेजहरुमा रहेका PCR मेशिन र माईक्रो बायोलोजिस्टहरु समेत परिचालन गरी PCR विधिबाट कोरोना परिक्षणमा जोड दिने, | कार्यान्वियन भएको । |
| | ➢ भारतमा कोरोना भाईरसको संक्रमण तिव्र रुपमा फैलिएको र नेपालमा समेत कोरोना भाईरसको संक्रमण दोस्रो चरणमा प्रवेश गरेको अवस्थामा तत्काल लकडाउन खुलाउनु घातक हुने हुंदा कोरोना परिक्षणलाई तिव्र बनाई कोरोनाको जोखिम अनुसार Red Zone, Yello Zone र Green Zone मा विभाजन गरी जोखिमयुक्त नदेखिई Green Zone मा परेका स्थानहरुलाई क्रमश: आन्तरिक रुपमा खुकुलो बनाउदै लैजाने, | कार्यान्वियन भएको । |
| | ➢ दम, मुटु, किड्नी जस्ता दीर्घरोग बाट पिडितहरुका लागि नियमित उपचारका साथै जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सूत्केरी महिला र बालबालिकाको स्वास्थ्य सुरक्षा सुनिश्चित गरी नागरिकको स्वास्थ्य सम्बन्धी हकको संरक्षण गर्ने, | आंशिक कार्यान्वियन भएको । |
| | ➢ सिमा सुरक्षामा थप कडाई गर्ने र छिमेकी राष्ट्र भारतसंगको खुल्ला सिमा बन्द गर्न आवश्यक कुटनैतिक पहल समेत सुरु गर्ने, | ,, |
| | ➢ राहत सामाग्री एकद्वार प्रणली मार्फत सम्बन्धीत स्थानिय तह मार्फत् वितरण गनै र वितरित राहत सामाग्रीको गुणस्तरीयता सुनिश्चीत हुने व्यवस्था मिलाउने, | ,, |
| | ➢ दैनिक ज्यालादारीबाट जिविकोपार्जन गर्ने मजदुरहरु र विद्यार्थीहरुका लागी तत्काल विशेष राहत कार्यक्रम ल्याउने, | ,, |
| | ➢ भारत लगायत विभिन्न मुलुकमा रहेका नेपालीको विवरण | ,, |

| | | |
|---|---|---|
| | सम्बन्धीत देशमा रहेको नेपाली राजदुतावास मार्फत एकिन गरि स्वास्थ्य सुरक्षा र आवश्यकता अनुसार रात सामाग्री समेत उपलब्ध गराउन सम्बन्धित मुलुकसंग तत्काल कुटनैतिक पहल गर्ने,<br>➢ लकडाउनको समयमा श्रमिकको स्वास्थ्य सुरुक्षा सुनिश्चित गरि राष्ट्रिय गौरवका आयोजना र अत्यवाश्यक सामाग्री उत्पादन गर्ने कलकारखानाहरु नियमित सञ्चालन गर्ने व्यवस्था मिलाउने,<br>➢ लकडाउन अन्त्य भए पश्चात आउन सक्ने खाद्य संकट समाधानका लागी कृषि उत्पादन बृद्धि लक्षित विशेष कार्यक्रमहरु संचालनमा जोड दिने । | कार्यान्वयन भएको ।<br><br>,, |
| २०७७/०२/११ | समितिको आजको बैठकमा नेपाल फर्कने चाहाने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको सम्बन्धमा तथा नेपालको सिमा समस्या सम्बन्धमा माननीय परराष्ट्र मन्त्रीसंग छलफल गरि नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :-<br><br>➢ नेपाल सरकारले लिम्पियाधुरा लिपुलेक र कालापानी सहितको नेपालको अतिक्रमित भुमि प्राप्त गर्ने सन्दर्भमा नेपालको सम्पूर्ण भू-भाग समेटिएको नेपालको प्रशासनिक तथा राजनैतिक नक्सा प्रकाशन गर्ने र तदनुरुप नेपालको सविंधान संशोधन गर्ने प्रक्रिया अगाडी बढाउने ऐतिहासिक कार्य गरेकोमा समिति दृढ समर्थन एंवम ऐक्यवद्वता प्रकट गर्दछ र कुटनितिक संवाद मार्फत् नेपालको भुमि प्राप्त गर्न राष्ट्रिय सहमतिका साथ ठोस पहल कदमी अगाडी बढाउन निर्देशन गर्दछ ।<br>➢ कोभिड- १९ को विश्वव्यापी महामारीको सन्दर्भमा गाँस, बास, स्वास्थ्य सुरक्षा लगायतका समस्याबाट संकट व्यहोरिरहेका विभिन्न देशमा रहेका नेपाली नागरिकहरुलाई प्राथमिकताका आधारमा स्वास्थ्य सुरक्षा सुनिश्चित हुने गरि अविलम्व नेपाल ल्याउने व्यवस्था मिलाउन निर्देशन गर्दछ । | आंशिक कार्यान्वयन भएको ।<br><br>आंशिक कार्यान्वयन भएको । |
| २०७७/०३/१६ | समितिको आजको बैठकमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूसंग Covid-19 नियन्त्रणमा तीन तहका सरकारहरुविच समन्वयको अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयो :-<br><br>➢ प्रदेश सरकार र स्थानीय तह बीच आवश्यकताको आधारमा सहकार्य र समन्वय गरि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानयि तहलाई संक्रमणको अवस्था, स्थानीय श्रोत साधनको अवस्था भौगोलिक विकटता र संख्यालाई आधारमानी आवश्यकता विश्लेषण गरि थप बजेट विनियोजन गर्नुपर्ने ।<br>➢ प्रदेश र स्थानीय तहको समन्वयमा क्वारेन्टाइन र आईसोलेसन सेन्टरको व्यवस्थापन, संचालन आदिको सम्बन्धीत निकायबाट अनुगमन गर्न निर्देशन दिने ।<br>➢ उपत्यका आउने जाने विरामी, कर्मचारी, व्यवसायीलाई सहज र सरल उपत्यकामा,प्रवेश दिन नेपाल सरकारलाई आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने । | आंशिक कार्यान्वयन भएको ।<br><br>आंशिक कार्यान्वयन भएको ।<br><br>कार्यान्वयन भएको । |

राष्ट्रिय सरोकार तथा समन्वय समितिले यस आ.व. मा सम्पादन गरेका काम कारबाहीहरु हेर्दा मुलुकको तात्कालिक राजनैतिक व्यवस्थापनसँग सम्बद्ध विषयहरु, राष्ट्रिय महत्वका योजना तथा राष्ट्रिय सम्बृद्धि सँग आवद्ध विषयहरु र समकालिन मुद्दाहरुमा ध्यान केन्द्रित रहेका थियो । यसकारण समितिको कार्यक्षेत्रभित्रका अन्य कतिपय महत्वपूर्ण विषयहरुमा समिति प्रवेश गर्न सकेन । उपरोक्त विषयहरुलाई समितिले आगामी दिनमा प्राथमिकतामा राखी कामकारबाहि अगाडि वढाउने योजना रहेको छ । त्यस्ता विषयबस्तुहरु निम्नानुसार रहेका छन् -

- मानव अधिकार तथा परराष्ट्र सम्बन्ध सम्बन्धी विषय,
- सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी विषय ,
- समन्यायिक विकासको अवस्था सम्बन्धी विषय,
- राष्ट्रिय सुरक्षा सम्बन्धी विषय,
- संवैधानिक आयोग सम्बन्धी विषय,
- पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमितिको प्रतिवेदन आदि ।

# परिच्छेद - ३ : उपलब्धीहरु

राष्ट्रिय सरोकार तथा समन्वय समितिले यस आ.व. मा सम्पादन गरेका क्रियाकलापहरुबाट प्राप्त उपलब्धिहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ :-

- राष्ट्रिय गौरवका आयोजनाहरुसँग एवंम सम्बन्धित मन्त्रालय, आयोजना प्रमुखहरुसँग गरिएको अन्तरक्रिया र तत्पश्चात् समितिले दिईएको निर्देशनहरुबाट आयोजनाहरुमा रहेका समस्या समाधानमा स्पष्टता आएको र निर्माण कार्यमा सक्रियता देखिएको ।
- राष्ट्रिय गौरवका २१ वटै आयोजनाहरुसँग सम्बन्धित विषयगत मन्त्रालय सहित गरेको छलफलबाट आयोजना निर्धारित समयमै सम्पन्न गर्ने प्रतिबद्वता प्राप्त भएको साथै कार्यान्वयनको चरणमा रहेको ।
- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको सम्बन्धमा देखिएको रुख कटान, वस्ती स्थान्तरण, मुख्य धावन मार्ग लगायतका विवादस्पद विषय टुङ्ग्याउन समितिको निर्देशन पश्चात् आयोजनालाई सहज भएको ।
- पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम पश्चात् समितिले कर्णालि क्षेत्रको विकास र सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन सम्बन्धमा महत्वपूर्ण सुझाव दिएको ।
- समितिले गत आ.व.मा सात वटै प्रदेशमा आयोजना गरेको तहगत राज्य संरचना विकासमा समन्वय विषयक प्रादेशिक अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनमा उल्लेखित सुझावहरु समेत समेटीई संघ, प्रदेश तथा स्थानीय तहको (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक संसदबाट पारित भएको ।
- पुनःनिमार्ण कार्य अविलम्ब सम्पन्न गर्न र ऐतिहासिक पुरातात्विक महवत्का संरचनाको विशेषता एवं संवेदनशिलता प्रति सजग रहन समितिले राष्ट्रिय पुनःनिमार्ण प्राधिकरणलाई थप जिम्मेवार बनाएको र सो अनुसार प्राधिकरणका काम कारबाहीहरु अगाडि बढेको ।
- अभिमुखिकरण कार्यक्रम पश्चात समितिका कार्यक्षेत्रभित्रका विभिन्न विषयमा छलफल गरी निर्देशन एवंम सुझावहरु दिन समितिलाई सहज भएको ।
- समितिको कार्ययोजना बमोजिम अधिकांश कार्यक्रमहरु निर्धारित समयमै सम्पन्न भएको ।
- समितिका बैठकहरु आपसी सौहार्दपूर्वक सम्पन्न भई हरेक निर्णयहरु सर्बसम्मतिका आधारमा भएको ।

# परिच्छेद - ४ : समस्या तथा सुझाव

## ४.१ समस्याहरु

समितिले कामकारवाहीको सिलसिलामा भोगेका समस्याहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ :-

### ४.१.१ नीतिगत पक्षमा देखिएका समस्याहरु

- राष्ट्रिय सभा नियमावलीमा समितिको कार्यक्षेत्र विषयगत मन्त्रालयमा विभाजन नगरिएकोले नेपाल सरकारका निकायहरु यस समिति प्रति कम जिम्मेवार देखिएको ।
- संघीय संसदका समितिहरुका वीच कार्यक्षेत्रमा दोहोरोपना रहेको ।
- राष्ट्रिय सभामा पेश भएका विधेयक दफावार छलफलका लागि यस समितिमा आउने प्रक्रिया नभएकोले कानून निर्माणको प्रक्रियाबाट समिति वञ्चित रहनु परेको ।

### ४.१.२ स्रोत साधन तथा भौतिक पक्षमा देखिएका समस्याहरु

- समितिको व्यवस्थित एवं प्रविधिमैत्री सभाकक्ष नरहेको ।
- समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन आर्थिक तथा प्राविधिक समस्या रहेको ।
- समितिको काम कारबाहीलाई paperless बनाउँदै e-governance मा जान आवश्यक स्रोत साधन तथा दक्ष जनशक्तिको अभाव रहेको ।
- समितिको स्थलगत अनुगमन, निरीक्षण, अन्तरक्रिया कार्यक्रमहरु तथा अन्य कार्यक्रमका लागि प्रयाप्त बजेट र खर्च सम्बन्धी व्यवहारिक मापदण्ड हुन नसक्दा समितिको अनुगमनको पक्ष कमजोर हुन पुगेको ।
- संघीय संसद सचिवालयको अध्ययन अनुसन्धानको पाटो कमजोर रहेकोले समिति पूर्णरुपमा अन्य निकायका तथ्यांकमा निर्भर रहनु परेको ।
- संघीय संसद सचिवालयका समिति सभाकक्षहरुमा उपयुक्त भौतिक पूर्वाधारको अभाव तथा प्रविधिमैत्री नहुँदा भर्चूअल बैठकहरु प्रभावकारी रुपमा सम्मन्न गर्न कठिनाई रहेको ।

### ४.१.३ बैठक व्यवस्थापन लगायत अन्य विविध विषयमा देखिएका समस्याहरु

- सरकारका निकायहरुले समितिको प्रयोजनको लागि माग गरेका विवरणहरु समयमा पेश नगर्ने र माग बमोजिम पूर्ण विवरणहरु उपलब्ध नगराएको ।
- अन्य समितिसँग कार्यक्षेत्रमा दोहोरोपन देखिने तथा अन्तरसम्बन्धित रहेका विषयमा संयुक्त बैठक राख्न नसकिएको ।
- बैठकमा आमन्त्रण गरिने कतिपय मन्त्री, पदाधिकारी तथा निकायले समय उपलब्ध गराउन नसक्दा समितिको कार्ययोजना बमोजिम निर्धारित समयमै बैठक लगायत समितिका अन्य कार्यक्रम सम्पन्न हुन नसकेको ।

- संसदीय अभ्यास, राजनीतिक पद्धति र अनुभवको आदान प्रदान गर्न माननीय सदस्यहरु, समिति सचिवालयका कर्मचारीहरुको लागि राष्ट्रिय एवं अन्तराष्ट्रिय भ्रमण, तालिम तथा अध्ययनको व्यवस्था हुन नसकेको ।
- सरकारले समितिमा गरेका प्रतिबद्धताहरुको कार्यन्वयनमा प्रभावकारिता नदेखिएको ।
- अन्तर सम्बन्धित विषयमा कार्यक्षेत्रमा दोहोरोपन देखिनु साथै एउटै विषयमा समितिले दिने निर्देशनमा एकरुपता नभएको, समितिहरुवीच समन्वयमा कमी देखिएको ।

## ४.२ सुझावहरु

- राष्ट्रिय सभा नियमावलीमा सरकारका निकायहरु समितिप्रति बढी जिम्मेवार हुने गरी मन्त्रालय एवं निकायगत कार्यविभाजनको व्यवस्था गर्नुपर्ने, कार्यक्षेत्रका विषयहरुमा स्पष्ट काम कर्तव्य अधिकार तोक्नु पर्ने साथै यस समितिको कार्यक्षेत्र अन्तर्गका विाष्यका विाधेयकहरुमाथीको दफवार छलफल यसै समितिमा हुनेगर्ी नियमावलीमा संशोधन गर्नु पर्ने ।
- समितिका कार्यक्षेत्रमा दोहोरोपन नहुनेगरी व्यवस्था मिलाउनु पर्ने ।
- समितिको लागि प्रविधिमैत्री सभाकक्ष निर्माण गर्नु पर्ने साथै समिति सचिवालयलाई प्रयाप्त आर्थिक एवं प्राविधिक स्रोत साधन तथा दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्ने ।
- समितिको स्थलगत अनुगमन लगायत अन्य महत्वपूर्ण संसदीय काम कारबाही सञ्चालनमा देखिएका व्यावहारिक समस्या समाधानको लागि संघीय संसद सचिवालय, सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले तत्काल खर्चको कार्यविधि निर्माण गर्नु पर्ने ।
- समितिका कार्यमा प्रभावकारिता ल्याउन समिति सदस्यहरु तथा समिति सचिवालयका कर्मचारीहरुलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय अध्ययन भ्रमण, तालीम तथा अनुभवको आदान प्रदानका लागि सचिवालयबाट आवश्यक व्यवस्था गर्नु पर्ने ।
- समितिका निर्देशनहरु तथा समितिमा सरकारको तर्फवाट गरेका प्रतिबद्धताको कार्यान्वयनको अवस्था बारे निरन्तर अनुगमन मुल्यांकन गरी सरकारका निकायहरुलाई अझ बढी जवाफदेही बनाउनु पर्ने ।
- कार्यक्षेत्रमा दोहोरोपना देखिएका समितिहरु विच संयुक्त बैठक बस्ने अभ्यास गर्नु पर्ने ।
- हरेक मन्त्रालयमा संसदीय डेस्क स्थापना गरी समिति र मन्त्रालय बीच निरन्तर सम्वाद र समन्वयको प्रक्रिया थालनी गर्नु पर्ने ।
- समितिको काम कारबाहीलाई व्यवस्थित एवं प्रभावकारी बनाउन कार्यक्षेत्र भित्रका निकायहरुसगं समेत समन्वय गरी वार्षिक कार्यतालीका निमार्ण गर्नु पर्ने ।

# अनुसूची : १

## समितिका माननीय सदस्यहरुको विवरण

| क्र.सं. | नाम | प्रदेश | सम्पर्क नं. | राजनीतिक दलको नाम |
|---|---|---|---|---|
| १. | **मा. दिल कुमारी रावल थापा (पार्वती) सभापति** | बागमती | ९८५५०६०५१७ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| २. | मा. अनिता देवकोटा | लुम्बिनी | ९८५७८३२६८४ | नेपाली काँग्रेस |
| ३. | मा. इन्दिरा देवी गौतम | १ | ९८४१२०३४१४ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ४. | मा. इन्दु कडरीया | सुदुरपश्चिम | ९८६८४५९५०५ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ५. | मा. उदया शर्मा/पौडेल | बागमती | ९८४१६८००३६ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ६. | मा. कोमल वली | लुम्बिनी | ९८५१०४१३४६ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ७. | मा. खिम लाल भट्टराई | लुम्बिनी | ९८५१०२३७०३ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ८. | मा. गोपी बहादुर सार्की आछामी | १ | ९८४११४१४५८ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ९. | मा. दिपा गुरुङ | गण्डकी | ९८५६०५९१५१ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १०. | मा. नारायणकाजी श्रेष्ठ | गण्डकी | ९८५११०५५२३ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| ११. | मा. रामचन्द्र राई | बागमती | ९८५५०७२७३३ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १२. | मा. राम लखन चमार | लुम्बिनी | ९८५१०३१७६८ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |
| १३. | मा. शेखर कुमार सिंह | २ | ९८५२८२००८५ | जनता समाजबादी पार्टी (ज.स.पा.) |
| १४. | मा. सुमनराज प्याकुरेल | २ | ९८५२८२०००४ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) |

# अनुसूची : २

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरु

| क्र.सं. | नाम | पद | मोवाइल नं. |
|---|---|---|---|
| १ | श्री सीता काफ्ले वाग्ले | समिति सचिव | ९८५११३८७८६ |
| २ | श्री त्रिबिक्रम पराजुली | उपसचिव | ९८५११९८५३१ |
| ३ | श्री अरुण किशोर शर्मा | शाखा अधिकृत | ९८६०१६७२४६ |
| ४ | श्री मुना रेग्मी | नायब सुब्बा | ९८६०६८९६५४ |
| ५ | श्री हेम प्रसाद डुम्रे | नायब सुब्बा | ९८४३८८७५६५ |
| ६ | श्री सीता चनरा श्रेष्ठ | का.स.(करार) | ९८०८०२४८१७ |

# अनुसूची - ३ : समितिको वैठकका निर्णयहरु

## (मिति २०७६ साउन १ देखि २०७७ असार मसान्तसम्म)

| क.स. | मिति | निर्णय तथा निर्देशनहरु |
|---|---|---|
| ३८ | २०७६/०४/२० | समितिको आजको बैठकमा आ.व. २०७५/०७६ को बार्षिक प्रतिवेदन सम्बन्धमा छलफल भयो। |
| ३९ | २०७६/०४/२७ | समितिको आजको वैठकमा पशुपति क्षेत्र विकास कोषको स्थलगत अवलोकन तथा अनुगमन गर्न प्रस्थान गर्ने निर्णय गरियो |
| ४० | २०७६/०४/२८ | समितिको आजको बैठकमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ सम्बन्धमा छलफल भयो । |
| ४१ | २०७६/०५/०१ | समितिको आजको वैठकमा मिति २०७६।०४।२७ गते समितिको तर्फबाट भएको पशुपति क्षेत्र विकास कोषको अनुगमन भ्रमण तथा यस अघि समितिमा पशुपति क्षेत्र विकास कोष बारे भएका छलफल, समितिले दिएका निर्देशनहरु र सो को कार्यान्वयनको अवस्थाबारे छलफल भयो। राष्ट्रिय गौरवको आयोजनो रुपमा सञ्चालित पशुपति क्षेत्र विकास कोषको समग्र पक्षको अध्ययन, सरोकारवालाहरुसंग बैठक एवं अन्तरक्रिया गरी कार्य प्रारम्भ गरेको मितिले तीस कार्यदिन भित्र समितिमा प्रतिवेदन पेश गर्न मा. धनकुमारी खतिवडाको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमिति, २०७६ गठन भयो<br>मा. धनकुमारी खतिवडा — संयोजक<br>मा. कोमल वली — सदस्य<br>मा. जीवन बुढा — सदस्य<br>मा. रमेश प्रसाद यादव — सदस्य<br>मा. रामपृत पासवान — सदस्य |
| ४२ | २०७६/०५/०२ | समितिको आजको वैठकमा पुर्वनिर्धारित कार्यक्रम अनुसारको अभिमुखिकरण कार्यक्रम, समितिको वार्षिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्बन्धमा समितिको पूर्वतयारी बारे छलफल गरी उक्त कार्यक्रमको लागि कार्यक्रम स्थल भक्तपुरको नगरकोट तर्फ प्रस्थान गरीयो। |
| ४३ | २०७६/०५/०७ | समितिको आजको वैठकमा संलग्न बमोजिमको राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवदेन, २०७६ सर्वसम्मतीले पारित गरी उक्त प्रतिवदेन समितिको तर्फबाट मा. सभापतिज्यूले राष्ट्रिय सभामा पेश गर्ने निर्णय भयो। |
| ४४ | २०७६/०५/१० | ➢ समितिको आजको वैठकमा संलग्न बमोजिम राष्ट्रिय सरोकार तथा समन्वय समितिको अर्धवार्षिक कार्ययोजना २०७६ पारित गरियो।<br>➢ समितिको अर्धवार्षिक कार्ययोजना बमोजिम असोज ५-१० गते पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्थावारे कर्णाली प्रदेशको अनुगमन गर्ने र सो को पूर्व तयारीको क्रममा मिति २०७६।०५।२४ गते कर्णाली प्रदेशको समग्र अवस्था बारे मा. छक्क बहादुर लामाबाट समितिमा कार्यपत्र प्रस्तुतीकरण गर्ने गरी कार्यक्रम निर्धारण गरियो । साथै उपरोक्त कार्यक्रमहरुका लागि आवश्यक तयारी गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो।<br>➢ समितिको कार्यक्षेत्र अन्तर्गत रहेका २१ वटा राष्ट्रिय गौरवका आयोजनाको गत आ.व (आ.ब २०७५।७६)को प्रगति विवरण माग गर्ने निर्णय भयो। |
| ४५ | २०७६/०५/२४ | समितिको आजको वैठकमा प्रतिनिधि सभाका सदस्य (जुम्ला जिल्लाबाट प्रत्येक्ष निर्वाचित सासंद ) मा०छक्क बहादुर लामाज्यूले कर्णाली प्रदेशको भौगोलिक अवस्था, समुदाय, संस्कृति, राष्ट्रिय सम्पदा लगायतका विषयमा कार्यपत्र पस्तुत गर्नुभई सो सम्बन्धमा छलफल भयो। |
| ४६ | २०७६/०९/०८ | समितिको आजको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको अर्धबार्षिक कार्ययोजना बमोजिम हालसम्म भए गरेका काम कारबाहीको समिक्षा तथा आगामी कार्यक्रम सम्बन्धमा छलफल भयो। |
| ४७ | २०७६/०९/०९ | समितिको आजको बैठकमा मा.परराष्ट्र मन्त्री प्रदिप ज्ञवालीसंग नेपाल सरकार र अमेरिकि सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौतापत्र Millenium |

| | | |
|---|---|---|
| | | Challange Compact(MCC) को सम्बन्धमा छलफल भयो । |
| ४८ | २०७६/०९/११ | समितिको आजको बैठकमा राष्ट्रिय गौरवका आयोजना बुढिगण्डकी जलविद्युत आयोजना (जलाशययुक्त)को हालसम्मको कामकारबाहीको अवस्थाबारे मा. ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्री बर्षमान पुन तथा मन्त्रालयका पदाधिकारीहरुसंग जानकारी लिईयो । |
| ४९ | २०७६/०९/१३ | समितिको आजको बैठकमा समिति सचिवालयले तयार पारेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको कर्णाली प्रदेशको स्थलगत अनुगमन सम्बन्धी प्रतिवेदनको मस्यौदा माथी छलफल भयो । |
| ५० | २०७६/०९/१८ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यू, मन्त्रालयका सचिव तथा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित सातओटा राष्ट्रिय गौरवका आयोजनका आयोजना प्रमुखहरुसंग आयोजनाहरुको हालसम्मको प्रगति तथा वर्तमान अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो ।<br>➢ राष्ट्रिय गौरवका आयोजना सञ्चालनको क्रममा नितिगत तथा प्राविधिक पक्षमा देखिएका समस्याहरु तत्काल समाधान गरि आयोजनाहरुलाई निर्वाध ढङ्गले सञ्चालन हुने वातावरण सिर्जना गर्न राष्ट्रिय गौरवका आयोजना सम्बन्धी उच्चस्तरीय निर्देशक समिति गठन गर्न नेपाल सरकारलाई निर्देशन दिने ।<br>➢ राष्ट्रिय गौरवका आयोजना सञ्चालनको क्रममा अन्तर मन्त्रालय, निकाय तथा आयोजना-आयोजना विचमा समन्वयको अभाव देखिएकोले समन्वयत्मक ढङ्गले आयोजना सञ्चालन गर्न सम्बन्धित मन्त्रालय तथा आयोजनाहरुलाई निर्देशन दिने ।<br>➢ राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न त्यस्ता आयोजनाहरुलाई प्रर्याप्त बजेट, स्रोत साधन तथा दक्ष जनशक्तिको व्यवस्था गर्न साथै राष्ट्रिय गौरवका आयोजनाका कामकारवाहिलाई प्राथमिकता दिनेगरि विशेष कानूनी व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने । |
| ५१ | २०७६/०९/२० | समितिको आजको बैठकमा मिति २०७६।०९।२२ गते समितिको आयोजना र जनसंख्या र विकासका लागी सांसदहरुको राष्ट्रिय मञ्चसंगको सहकार्यमा समावेशी विकास र सम्बृद्ध नेपाल विषयक अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय भयो । |
| ५२ | २०७६/०९/२१ | राष्ट्रिय सरोकार तथा समन्वय समितिको आजको बैठकमा राष्ट्रिय सम्पदाहरुको पुन निर्माणको अवस्था लगायत राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको कामकारबाहीको पछिल्लो अवस्था बारे राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुसंग छलफल गरी समितिको तर्फबाट देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो ।<br>➢ प्राधिकरणको विगत एक बर्षका काम कारबाही सन्तोषजनक देखिएको र पुनःनिर्माण सम्बन्धी बाँकी कार्य निर्धारित समयसिमा भित्रै निर्धारित मापदण्ड बमोजिम गुणस्तरीय ढगंले सम्पन्न गर्न राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने ।<br>➢ प्राधिकरणको बाँकी कार्यवधिलाई समेतलाई ध्यान दिदै निजी आवास लगायत पुनःनिर्माण सम्बन्धमा प्राप्त गुनासो नियमानुसार अविलम्ब सम्बोधन गरी प्राधिकरणको काम कारबाही तिब्रताका साथ अगाडी बढाउन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई निर्देशन दिने । |
| ५३ | २०७६/०९/२२ | समितिको आजको बैठकमा मिति २०७६।०९।२० को निर्णय बमोजिम जनसंख्या र विकासका लागी सांसदहरुको राष्ट्रिय मञ्चसंगको सहकार्यमा समितिले आयोजना गरेको समावेशी विकास र सम्बृद्ध नेपाल विषयक अन्तरक्रिया कार्यक्रम समाप्त भए पश्चात सो कार्यक्रमको समिक्षा गरीयो । |
| ५४ | २०७६/१०/२१ | समितिको आजको बैठकमा मिति २०७६।१०।२५ गते समितिको आयोजना र जनसंख्या र विकासका लागी सांसदहरुको राष्ट्रिय मञ्चसंगको सहकार्यमा समावेशी प्रतिनिधित्व सवल र सक्षम महिला नेतृत्व विषयक अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय भयो । |
| ५५ | २०७६/११/०७ | समितिको आजको बैठकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग संग आयोगको हालसम्मको काम कारबाही बारे छलफल भयो । |

| | | |
|---|---|---|
| ५६ | २०७६/११/०८ | ➢ समितिको आजको बैठकमा मिति २०७६।०५।०२ गते गठित पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमिति,२०७६ ले पेश गरेको प्रतिवेदन माथी छलफल भयो ।<br>➢ संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा मिति २०७६ फागुन २६ देखि चैत्र ७ ( ९देखि २०,मार्च २०२०)मा आयोजना हुने "64th session of the Commission on the status of the women" विषयक कार्यक्रममा सहभागी हुन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।११।०५ को बैठकबाट स्वीकृत प्राप्त भएकोले यस समिति सभापति मा. दिल कुमारी रावल थापा पार्वती लाई उक्त कार्यक्रम सहभागी हुने निर्णय भयो । |
| ५७ | २०७६/११/११ | समितिको आजको बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको अर्धबार्षिक कार्ययोजना, २०७६ को कार्यान्वयनको अवस्थाबारे छलफल गरियो । |
| ५८ | २०७६/११/१३ | समितिको आजको बैठकमा पशुपती क्षेत्र विकास कोष अध्ययन उपसमिति, २०७६ ले समितिमा पेश गरेको अध्ययन प्रतिवेदन माथी छलफल गरियो । |
| ५९ | २०७६/११/१४ | समितिको आजको बैठकमा पिछडिएको क्षेत्र, समुदाय, संस्कृति र राष्ट्रिय सम्पदाको अवस्था सम्बन्धमा कर्णाली प्रदेशको स्थलगत अध्ययन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमहरुको प्रतिवेदन,२०७६ पारित गरी सो प्रतिवेदन समितिको तर्फबाट माननीय सभापतिज्यूले सदन समक्ष पेश गर्ने निर्णय गरियो । उक्त प्रतिवेदनमा गरिएका सिफारीस तथा निर्देशनहरु देहाय बमोजिम रहेका छन् :<br>● बर्षौ देखि पिछडिएको क्षेत्रको पहिचान बोकेको कर्णाली प्रदेशको विकास गरी राष्ट्रिय विकासको मुलधारमा ल्याउन संघ, प्रदेश र स्थानीय तह विचमा समन्वय गरी देहायका विषयहरु समेटिएको पिछडिएको क्षेत्र विकास गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याउनुपर्ने ।<br>✓ सडक पुर्वाधार,<br>✓ विद्युतीकरण,<br>✓ जडिबुटी खनिज र कृषीजन्य उत्पादनको व्यवसायिकरण, प्रशोधन तथा वजारीकरण,<br>✓ शिक्षा,<br>✓ स्वास्थ्य,<br>✓ खानेपानी,<br>✓ धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटनका लागि पर्यटकीय स्थलको पहिचान र पूर्वाधारको विकास,<br>✓ महिला, बालवालिका तथा जेष्ठ नागरिकहरुलाई विशेष व्यवस्था,<br>✓ औद्योगिक विकास मार्फत रोजगारी सृजना गरी गरिवि निवारण ।<br>● कर्णाली क्षेत्रको पहिचानको रुपमा रहेका विभिन्न प्रकारका लोक भाका, लोकनृत्य, मौलिक पोशाक, संस्कार, संस्कृति रीतिरिवाज आदिको संरक्षण, संवर्द्धन गर्न आवश्यक रहेको साथै सिंजा सभ्यता लगायत यस क्षेत्रको समग्र भाषा, कला, संस्कृति, रीतिरिवाजको अध्ययन, संरक्षण र विकासको लागि एक अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्नुपर्ने ।<br>● कर्णाली क्षेत्रमा रहेका ताल, कुण्ड, गुफा, हिमाल, उपत्यका आदिको संरक्षण एवंम् प्रचार प्रसार गरि प्रर्याप्त मात्रामा पर्यटकीय क्षेत्रको विकास गर्न सके कर्णाली क्षेत्रको आर्थिक प्रगतिमा यहाँका सम्पदाहरु नै प्रर्याप्त स्रोत सावित हुनसक्ने भएकोले तीनै तहका सरकारले त्यसतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने ।<br>● कर्णाली क्षेत्रमा रहेका विभिन्न धार्मिक स्थल, मन्दिरहरु, देवल, धाम, गुम्बा, गुफा आदिको प्रचार-प्रसार एवंम् पदमार्ग निर्माण गरी धार्मिक तथा साँस्कृतिक पर्यटनको लागि विशेष कार्यक्रमहरु बनाउनु पर्ने ।<br>● यस क्षेत्रका रैथाने तथा स्थानिय वाली, विउविजन, फलफुल, जडिबुटि, खनिज आदिको |

| | | |
|---|---|---|
| | | संरक्षण, प्रशोधन, व्यवसायिकरण र बजारीकरण गर्नुपर्ने साथै अर्गानीक प्रदेशको रुपमा कर्णाली प्रदेशलाई स्थापित गर्न सम्बन्धीत सबैले सहयोग गर्नुपर्ने ।<br>● कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको गुरुयोजना अध्ययन गरी स्वीकृत गर्नुपर्ने साथै सरकारले सुगम स्थानमा रहेको प्रतिष्ठानहरु भन्दा नीतिगत रुपमा विषेश सहुलियत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्ने ।<br>छाउपडी लगायतका कुरीतिको अन्त्य गर्न सरकारले सञ्चालन गरेको अभियानमा थप कार्यक्रमहरु समेत समावेश गरी प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने । |
| ६० | २०७६/११/१९ | समितिको आजको बैठकमा खानेपानी मन्त्रालयका सचिवज्यू मेलम्ची खानेपानी आयोजना सम्बन्धमा छलफल भयो । |
| ६१ | २०७६/१२/०५ | आज मिति २०७७।१२।०५ गते यस राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा आगामी कार्ययोजनाको सम्बन्धमा छलफल भयो । |
| ६२ | २०७७/०१/१२ | समितिको आजको बैठकमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको रोकथामका लागी नेपाल सरकारले गरेको लकडाउन, सिमा सिल्ड, अन्तर्राष्ट्रिय उडानमा प्रतिबन्द लगायतका कार्यहरु, प्रदेश तथा स्थानीय तहको सकृय भूमिका र नागरिकको सहयोगका कारण हालसम्म कोरोना भाईरसको प्रकोप नेपालमा हालसम्म नियन्त्रण भन्दा बाहिर नगएको, लकडाउनका बाबजुद तथा खाद्यान्न औषधि लगायतका अत्यवश्यक बस्तुको आपूर्ती समेत असहज नरहेको सन्दर्भमा सम्बन्धीत सबैलाई जिम्मेवार बन्दै थप प्रभावकारी ढङ्गले महामारी विरुद्ध एकजुट हुन आह्वान गर्दै वर्तमान अवस्थामा देखिएका समस्या समाधानका लागी नेपाल सरकार र नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिलाई तहगत सरकारहरुबिच आवश्यक समन्वय गरि देहाय बमोजिम गर्न निर्देशन दियो ।<br>➢ स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका लागी आवश्यक स्वास्थ्य सुरक्षा सामाग्री अविलम्ब व्यवस्था गर्न बजार अनुगमनलाई तिव्रता दिई महामारीको समयमा कालाबजारी गर्नेलाई हदैसम्मको कारबाही गर्ने<br>➢ हाल Rapid Diagnostic Test (RDT) विधिबाट गरेको परिक्षणको संख्या अधिक रहेकोले रहेकोले Polymerase Chain Reaction (PCR) विधिबाट परिक्षण गर्न थप ल्याबहरु विस्तार गर्ने,विभिन्न युनिभर्सीटी र कलेजहरुमा रहेका PCR मेशिन र माईक्रो बायोलोजिस्टहरु समेत परिचालन गरी PCR विधिबाट कोरोना परिक्षणमा जोड दिने<br>➢ भारतमा कोरोना भाईरसको संक्रमण तिव्र रुपमा फैलिएको र नेपालमा समेत कोरोना भाईरसको संक्रमण दोस्रो चरणमा प्रवेश गरेको अवस्थामा तत्काल लकडाउन खुलाउनु घातक हुने हुनाले कोरोना परिक्षणको दर तिव्र बनाई जोखिमयुक्त नदेखिएका स्थान आन्तरिक रुपमा खुकुलो बनाउदै लैजाने<br>➢ दम,मुटु ,किड्नी जस्ता दिर्घ रोगीहरको नियमित उपचार सुनिश्चीतगरी नागरिकको स्वास्थ्य सम्बन्धी हकको संरक्षण गर्ने<br>➢ सिमा सुरुक्षामा थप कडाई गर्ने र छिमेकी राष्ट्र भारतसंगको खुल्ला सिमा बन्द गर्न आवश्यक कुटनैतिक पहल समेत सुरु गर्ने<br>➢ राहात सामाग्री एकद्वार प्रणली मार्फत सम्बन्धीत स्थानियतहले वितरित राहत सामाग्रीको गुणस्तरीयता सुनिश्चीत हुने व्यवस्था मिलाउने<br>➢ दैनिक ज्यालादारीबाट जिविकोपार्जन गर्ने विपन्न मजदुरहरु र लकडाउनमा परेका विद्यार्थीहरुका लागी तत्काल विशेष राहात कार्यक्रम ल्याउने<br>➢ हाल उपत्यकका विभिन्न स्थानमा गाउँ फर्कनेहरुको भिडभाड देखिन थालेको सन्दर्भमा लकडाउनको वेला आवत जावत खुकुलो गर्दा संक्रमण बढ्न सक्ने भएकोले आवश्यक राहत सामाग्रीको व्यवस्थापन गरी यथास्थानमा बस्ने व्यवस्था मिलाउने ।<br>➢ भारत लगायत विभिन्न मुलुकमा रहेका नेपालीको विवरण सम्बन्धीत देशमा रहेको नेपाली राजदुतावास मार्फत एकिन गरि स्वास्थय सुरक्षा र आवश्यकता अनुसार राहात सामाग्री समेत उपलब्ध गराउन सम्बन्धीत मुलुकसंग तत्काल कुटनैतिक पहल गर्ने<br>➢ लकडाउनको समयमा पनी श्रमिकको स्वास्थ्य सुरुक्षा सुनिश्चीत गरि राष्ट्रिय गौरवका आयोजना र अत्यवाश्यक सामाग्री उत्पादन गर्ने कलकारखानाहरु संचालन |

| | | |
|---|---|---|
| | | गर्ने व्यवस्था मिलाउने<br>➢ कोरोना भाईरसको संक्रमण अन्त्य भए पश्चात आउन सक्ने खाद्य संकट व्यवस्थापनका लागी कृषि क्षेत्र लक्षीत विशेष योजनाहरु ल्याउने |
| ६३ | २०७७/०२/०८ | आज मिति २०७७।०२।०८ गते यस राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा आगामी कार्यक्रमको सम्बन्धमा छलफल भयो । |
| ६४ | २०७७/०२/११ | समितिको आजको बैठकमा नेपाल फर्कने चाहाने वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको सम्बन्धमा तथा नेपालको सिमा समस्या सम्बन्धमा माननीय परराष्ट्र मन्त्रीसंग छलफल गरि नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :-<br>➢ नेपाल सरकारले लिम्पियाधुरा लिपुलेक र कालापानी सहितको नेपालको अतिक्रमित भुमि प्राप्त गर्ने सन्दर्भमा नेपालको सम्पूर्ण भू-भाग समेटिएको नेपालको प्रशासनिक तथा राजनैतिक नक्सा प्रकाशन गर्ने र तदनुरुप नेपालको सविंधान संशोधन गर्ने प्रकिया अगाडी बढाउने ऐतिहासिक कार्य गरेकोमा समिति दृढ समर्थन एंवम ऐक्यवद्वता प्रकट गर्दछ र कुटनितिक संवाद मार्फत् नेपालको भुमि प्राप्त गर्न राष्ट्रिय सहमतिका साथ ठोस पहल कदमी अगाडी बढाउन निर्देशन गर्दछ ।<br>➢ कोभिड- १९ को विश्वव्यापी महामारीको सन्दर्भमा गाँस, बास, स्वास्थ्य सुरक्षा लगायतका समस्याबाट संकट व्यहोरिरहेका विभिन्न देशमा रहेका नेपाली नागरिकहरुलाई प्राथमिकताका आधारमा स्वास्थ्य सुरक्षा सुनिश्चित हुने गरि अविलम्व नेपाल ल्याउने व्यवस्था मिलाउन निर्देशन गर्दछ । |
| ६५ | २०७७/०३/१४ | समितिको आजको बैठकमा माननीय भुमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रीज्यूसंग पशुपति क्षेत्र विकास कोष अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदन सम्बन्धमा छलफल भएपश्चात् देहाय बमोजिम निर्णय भयो :-<br>➢ पशुपति क्षेत्र लगायत देशभरका मठमन्दिर गुम्बा आदीको नाममा रहेका गुठीहरुको जग्गा र सो को भोग चलनको अवस्थावारे भुमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालयसंग विवरण माग गर्ने निर्णय भयो ।<br>➢ समितिको आगामी बैठकमा संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय,गृह मन्त्रालय, पशुपति क्षेत्र विकास कोष र गुठी संस्थानसंग समेत छलफल गरी निष्कर्षमा पुग्ने निर्णय भयो । |
| ६६ | २०७७/०३/१६ | समितिको आजको बैठकमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूसंग Covid-19 नियन्त्रणमा तीन तहका सरकारहरुविच समन्वयको अवस्था सम्बन्धमा छलफल भई देहाय बमोजिम निर्णय भयो :-<br>➢ प्रदेश सरकार र स्थानीय तह बीच आवश्यकताको आधारमा सहकार्य र समन्वय गरि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानयि तहलाई संक्रमणको अवस्था, स्थानीय श्रोत साधनको अवस्था भौगोलिक विकटता र संख्यालाई आधारमानी आवश्यकता विश्लेषण गरि थप बजेट विनियोजन गर्नुपर्ने ।<br>➢ प्रदेश र स्थानीय तहको समन्वयमा क्वारेन्टाइन र आईसोलेसन सेन्टरको व्यवस्थापन, संचालन आदिको सम्बन्धीत निकायबाट अनुगमन गर्न निर्देशन दिने ।<br>➢ उपत्यका आउने जाने विरामी, कर्मचारी, व्यवसायीलाई सहज र सरल उपत्यकामा,प्रवेश दिन नेपाल सरकारलाई आवश्यक व्यवस्थापन गर्न निर्देशन दिने । |
| ६७ | २०७७/०३/३० | समितिको आजको बैठकमा समितिको कार्यक्षेत्र सम्बन्धमा संविधान विज्ञ डा.विपिन अधिकारीबाट कार्यपत्र प्रस्तुतीकरण भयो । |

# अनुसूची -४: उपस्थिति विवरण

## आ. व. २०७६/०७७ मा, मा. सदस्यहरुको बैठकमा उपस्थिति विवरण

## मिति २०७६ श्रावण १ गते देखि पुष २१ गते सम्म

| सि.नं | नाम | २०७६/ ४/२० | २०७६/ ४/२८ | २०७६/५ /०१ | २०७६/५ /०२ | २०७६/ ५/०७ | २०७६/० ५/१० | २०७६/० ५/२४ | २०७६/० ९/०८ | २०७६/० ९/०९ | २०७६/० ९/११ | २०७६/० ९/१३ | २०७६/० ९/१८ | २०७६/० ९/२० | २०७६/० ९/२१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मा. दिल कुमारी रावल थापा (पार्वती)( सभापति) | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| २. | मा. इन्दु कडरीया | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | |
| ३. | मा. कोमल वली | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ | √ | √ |
| ४. | मा. खिमलाल भट्टराई | √ | √ | √ | √ | √ | √ | | √ | √ | √ | √ | | √ | √ |
| ५. | मा. खेमराज नेपाली | √ | √ | | | | | | √ | √ | √ | √ | √ | √ | |
| ६. | मा. जीवन बुढा | | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ | √ | √ | √ |
| ७. | मा. दिपा गुरुङ | | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | |
| ८. | मा. धनकुमारी खतिवडा | √ | √ | √ | √ | √ | | √ | √ | √ | | √ | | √ | √ |
| ९. | मा. बद्री प्रसाद पाण्डे | | √ | √ | √ | √ | √ | | √ | √ | | | | √ | |
| १०. | मा. रमेश प्रसाद यादव | | √ | √ | √ | √ | √ | | √ | | √ | √ | √ | √ | √ |
| ११. | मा. राज कुमार कुँवर | √ | √ | √ | √ | √ | | √ | √ | √ | √ | √ | √ | √ | √ |
| १२. | मा. रामचन्द्र राई | | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| १३. | मा. रामपृत पासवान | | | √ | √ | √ | | √ | √ | √ | √ | √ | √ | | |
| १४. | मा. सुरेन्द्र राज पाण्डे | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ |

## मिति २०७६ पुष २१ गते देखि फागुन मसान्तसम्म

| सि.नं | नाम | २०७६/०९/२२ | २०७६/१०/२१ | २०७६/११/०७ | २०७६/११/०८ | २०७६/११/११ | २०७६/११/१३ | २०७६/११/१४ | २०७६/११/१९ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मा. दिल कुमारी रावल थापा (पार्वती)(सभापति) | √ | √ | √ | √ | √ | √ | √ | √ |
| २. | मा. इन्दु कडरीया | | √ | √ | √ | √ | √ | √ | √ |
| ३. | मा. कोमल वली | | | √ | √ | √ | √ | √ | √ |
| ४. | मा. खिमलाल भट्टराई | √ | √ | √ | √ | √ | | √ | √ |
| ५. | मा. खेमराज नेपाली | √ | √ | √ | √ | √ | √ | √ | |
| ६. | मा. जीवन बुढा | | | | √ | √ | √ | √ | √ |
| ७. | मा. दिपा गुरुङ | | √ | √ | √ | √ | √ | | √ |
| ८. | मा. धनकुमारी खतिवडा | √ | | | | √ | √ | | √ |
| ९. | मा. बद्री प्रसाद पाण्डे | | | | √ | √ | √ | √ | √ |
| १०. | मा. रमेश प्रसाद यादव | √ | | √ | √ | √ | √ | √ | |
| ११. | मा. राज कुमार कुँवर | √ | √ | √ | √ | √ | √ | √ | √ |
| १२. | मा. रामचन्द्र राई | √ | √ | √ | √ | √ | | | √ |
| १३. | मा. रामपृत पासवान | | | | | | | | |
| १४. | मा. सुरेन्द्र राज पाण्डे | √ | √ | √ | √ | √ | √ | √ | |

## मिति २०७६ चैत्र देखि २०७७ असार मसान्त सम्म

| सि.नं | नाम | २०७६/१२/०५ | २०७७/१/१२ | २०७७/०२/०८ | २०७७/०२/११ | २०७७/०३/१४ | २०७६/०३/१६ | २०७६/०३/३० |
|---|---|---|---|---|---|---|---|---|
| १. | मा. दिल कुमारी रावल थापा (पार्वती)(सभापति) | √ | √ | √ | √ | √ | √ | √ |
| २. | मा. अनिता देवकोटा | √ | √ | √ | √ | | √ | √ |
| ३. | मा. इन्दिरा देवी गौतम | √ | √ | √ | √ | √ | √ | √ |
| ४. | मा. इन्दु कडरीया | √ | | √ | √ | √ | √ | √ |
| ५. | मा. कोमल वली | √ | √ | √ | √ | √ | √ | √ |
| ६. | मा. खिम लाल भट्टराई | √ | √ | √ | √ | √ | √ | √ |
| ७. | मा. गोपी बहादुर सार्की अछामी | √ | | √ | | √ | √ | √ |
| ८. | मा. जीवन बुढा | √ | √ | √ | √ | √ | √ | √ |
| ९. | मा. दिपा गुरुङ | | | √ | √ | √ | √ | √ |
| १०. | मा. नारायणकाजी श्रेष्ठ | √ | | √ | √ | | | √ |
| ११. | मा. रामचन्द्र राई | √ | | √ | | √ | √ | |
| १२. | मा. शेखर कुमार सिह | √ | √ | √ | √ | √ | √ | √ |
| १३. | मा. सुमनराज प्याकुरेल | √ | √ | √ | √ | √ | √ | |

# अनुसूची -५: समितिका कामकारवाही सम्बन्धी केहि झलकहरु



माननीय सदस्यहरुका लागि अभिमुखीकरण कार्यक्रम, नगरकोट




पिछडिएको क्षेत्र सम्बन्धमा आयोजित अन्तरक्रिया कार्यक्रम, खंलगा, जुम्ला



संस्कृति र सम्पदा सम्बन्धमा आयोजित अन्तरक्रिया कार्यक्रम, सिंजा, जुम्ला



राष्ट्रिय सम्पदा सम्बन्धमा आयोजित अन्तक्रिया कार्यक्रम, रारा, मुगु



राष्ट्रिय सम्पदा सम्बन्धमा आयोजित अन्तक्रिया कार्यक्रमका सहभागीहरु रारातालको प्रांगणमा



रारा ताल, मुगु




समितिको बैठकमा माननीय अर्थमन्त्रीसँग राष्ट्रिय गौरवका आयोजना सम्बन्धमा  छलफल हुदै



समितिको बैठकमा राष्ट्रिय गौरवको आयोजनासंग सम्बन्धित विषयमा छलफल हुँदै